वर्ष २० | अंक २४६ | काठमाडौं | सोमवार, ९ असार २०८२ | Monday, 23 June 2025 | पृष्ठ ८ | मूल्य रू. १०

ISSN No. 2822-1702

@abhiyannationaldaily
@aarthik_abhiyan

ग्राहक प्रति

# आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक

www.abhiyandaily.com

दूधमा आत्मनिर्भर उन्मुख बन्दै मधेश प्रदेश २
महालक्ष्मी विकास बैंकको मोबाइल एपबाटै रेमिट्यान्स ३
'डग अन ड्युटी' को अर्थशास्त्र ४
मानव तस्करी रोक्न सूचना प्रणाली चुस्त बनाइँदै ८



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन,
९८४७३४५६६०
९८५१०१९०३८
९८४१९५९२९८
भाइबरमा SMS मात्र गर्नुहोस्
हामी यताबाट कल गर्छौं ।

# एक वर्षभन्दा बढी पुराना गाडी आयात रोक्दै सरकार

## इरान-इजरायल युद्धले नेपाली अर्थतन्त्रमा कस्तो असर पर्ला ?

**प्रशान्त खड्का**

काठमाडौं

मध्यपूर्वका दुई मुलुक इरान-इजरायलबीच चर्किएको युद्धका कारण विश्व बजारमा तेलको मूल्य वृद्धि हुन थालेसँगै नेपाली अर्थतन्त्रलाई समेत युद्धले असर गर्ने देखिएको छ । अमेरिकाले इजरायलको ईच्छा अनुसार ईरानको आणविक भट्टीमा आक्रमण गरेपछि स्थित थप अस्थीर हुने सम्भावना वढेको छ ।


युद्धका कारण नेपालमा आपूर्ति शृंखला, तेलको मूल्य वृद्धि, मुद्रास्फीति, वैदेशिक रोजगारी र विप्रेषणलगायत क्षेत्रमा असर गर्न सक्ने विज्ञ बताउँछन् । दुई देशबीचको द्वन्द्वले बजारमा अस्थिरता बढाएपछि तेलको भाउ वृद्धि भइसकेको छ ।


विश्वको कुल तेल भण्डारको १० प्रतिशत अंश ओगट्ने मुलुक आफै युद्धमा फसेका कारण मंगलवारदेखि विश्वव्यापी रूपमा नै तेलको मूल्यमा तीव्र वृद्धि देखिएको हो । कच्चा तेलको मूल्य आइतवार बढेर प्रतिब्यारेल ७८ दशमलव ८५ डलर पुगिसकेको छ । युद्ध जारी रहे यो १२० डलर प्रतिब्यारेलसम्म पुग्न सक्ने अन्तरराष्ट्रिय ऊर्जा एजेन्सीले उल्लेख गरेको छ ।


एजेन्सीका अनुसार युद्ध बढ्दै गए विश्वव्यापी ऊर्जा पूर्वाधारमा गम्भीर परिणाम निम्त्याउन सक्ने प्रमुख ऊर्जा कम्पनीहरूले चेतावनी दिएका छन् ।

- महँगी वृद्धिदर दोहोरो अंकमा पुग्न सक्ने
- विप्रेषण आप्रवाहमा कमी आउन सक्ने
- वैदेशिक रोजगारी प्रभावित हुन सक्ने

» बाँकी पृष्ठ ५ मा




**अभियान संवाददाता**

काठमाडौं


निजी सवारीसाधनमा मान्छेको आकर्षण बढ्दै गएका बेला सरकारले पुराना उत्पादन मिति भएका सवारीसाधन नेपाल भित्रन नदिने गरी गृहकार्य थालेको छ ।

एक वर्षभन्दा बढी पुरानो उत्पादन मिति भएका सवारीसाधन आयात गर्न नपाउने गरी सरकारले कानूनी प्रबन्ध गर्न लागेको हो ।

'सवारी पहिचान नम्बर (भीआईएन)को विश्लेषणका आधारमा उत्पादन मितिले १ वर्षभन्दा बढी पुराना सवारीसाधन नेपालमा विक्रीवितरण गर्ने गरी आयातका लागि अनुमति दिइने छैन,' यातायात व्यवस्था विभागले तयार पारेको 'सवारीसाधन आयात, उत्पादन तथा जडानसम्बन्धी निर्देशिका २०८२' को मस्यौदामा भनिएको छ ।

नेपालमा हाल आयात गरिने सवारीसाधनमा उत्पादन मितिको सीमा तोकिएको छैन । अहिले आयातकर्ताले १ वर्ष वा त्योभन्दा धेरै अघि उत्पादन भएको सवारीसाधन पनि आयात गर्दै आएका छन् । सरकारले बनाएको मस्यौदामा विकास आयोजना तथा कूटनीतिज्ञका हकमा त्यो व्यवस्था लागू नहुने उल्लेख छ ।

प्रस्तावित व्यवस्थाअनुसार सुविधाप्राप्त व्यक्ति वा निकायले निजी प्रयोजनका लागि पुराना सवारीसाधन ल्याउन सक्नेछन् । कूटनीतिक सुविधा प्राप्त व्यक्ति वा निकायले निजी प्रयोजनका लागि नेपाल प्रदूषण मापदण्डभित्र रहेका पुराना सवारीसाधन




- उत्पादन मितिले १ वर्षभन्दा पुराना गाडी आयात गर्न नपाइने
- विदेशी निर्माण कम्पनी र कूटनीतिज्ञले भने पाउने
- निर्माण कार्यका लागि ल्याइने सवारीसाधन/यन्त्र उपकरण काम सकिएपछि सोही मुलुकमा फिर्ता लैजानुपर्ने
- दुई र तीनपांग्रे ईभीको न्यूनतम रेन्ज कम्तीमा १०० किलोमीटर

प्रचलित कानूनबमोजिम आयात गर्न चाहेमा परराष्ट्र मन्त्रालयको सिफारिशसहित विभागको स्वीकृति लिनुपर्ने व्यवस्था प्रस्ताव गरिएको छ । निर्माण कार्यका हकमा नेपालमा ठेक्का पाएको कुनै पनि अन्तरराष्ट्रिय निर्माण कम्पनीले निर्माण कार्यका लागि प्रयोग गर्ने गरी पुराना सवारीसाधन वा मेशिन उपकरण ल्याउन पाउनेछ । यसका लागि अर्थ मन्त्रालयको समेत सिफारिश आवश्यक पर्ने भनिएको छ ।

'नेपालमा विकास निर्माणको काममा संलग्न अन्तरराष्ट्रिय निर्माण व्यवसायीले निर्माणको काममा मात्र प्रयोग गर्ने गरी पुराना सवारीसाधन वा मेशिन उपकरण आयातको स्वीकृति माग गरेमा अर्थ मन्त्रालयसमेतको सिफारिशमा त्यस्तो सवारीसाधन आयातको अनुमति दिन सकिनेछ,' प्रस्तावित मस्यौदामा भनिएको छ ।

» बाँकी पृष्ठ ५ मा


## असारभित्र तीन जलविद्युत् कम्पनीको शेयरको लकइन खुल्दै बजारमा कस्तो पर्ला असर ?

**प्रजिता बुढाथोकी**

काठमाडौं

पछिल्लो समय धितोपत्र दोस्रो बजारमा विक्री चाप बढिरहेका बेला असारभित्र तीन कम्पनीको गरी २ करोड ४१ लाख ३२ हजार ७६५ कित्ता शेयर धितोपत्र दोस्रो बजारमा कारोबारयोग्य हुने भएको छ । हिमालयन हाइड्रोपावर लिमिटेड, अपर सोलु हाइड्रोइलेक्ट्रिक कम्पनी लिमिटेड र अपर हेवाखोला हाइड्रोपावर कम्पनी लिमिटेडको ३ वर्षदेखि लकइनमा रहेको शेयर असारमा कारोबारयोग्य हुन लागेको हो । कम्पनीहरूले १ महीनाअघि नै लकइन खुला हुने सूचना जारी गरिसकेका छन् ।

बजारमा विक्री चाप बढेर परिसूचक घटिरहेका बेला २ करोड ४१ लाखभन्दा बढी कित्ता शेयर कारोबारयोग्य हुँदा बजारमा असर देखिने ब्रोकर बताउँछन् । पछिल्लो समय असार ७ गते लकइन सकिएको दोर्दी खोला जलविद्युत् कम्पनीको शेयर असार ८ गते सर्वाधिक कारोबार भयो । यो कम्पनीको संस्थापकतर्फको ७५ लाख ९० हजार ६७५ कित्ता, कर्मचारीतर्फको ६५ हजार ८६५ कित्ता र आयोजना प्रभावित स्थानीयतर्फको ७ लाख ५६ हजार ४२० कित्ता गरी कुल ८४ लाख १२ हजार ९६० कित्ता शेयरको लकइन असार ७ गते सकिएको हो । दोर्दी खोलाले सर्वसाधारणमा २०७९ साल असार ८ गते शेयर बाँडफाँट गरेको थियो । लकइन खुला भएसँगै आइतवार कम्पनीको ७५ करोड ७३ लाख रुपैयाँभन्दा बढीको २१ लाख ८३ हजारभन्दा बढी कित्ता शेयर किनबेच भयो । जसरी दोर्दी खोलाको शेयरमा विक्री चाप देखियो त्यसरी नै बजारमा आपूर्ति बढ्दा अन्य कम्पनीको शेयरमा असर देखिने ब्रोकर बताउँछन् ।




» बाँकी पृष्ठ ५ मा




# हिमालयन एभरेष्ट इन्स्योरेन्सका सीईओ अन्जु श्रेष्ठ सम्मानित



काठमाडौं (अस)। हिमालयन एभरेष्ट इन्स्योरेन्स कम्पनी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत (सीईओ) अन्जु श्रेष्ठ अन्तरराष्ट्रिय स्तरको प्रतिष्ठित सम्मानबाट सम्मानित भएकी छिन् । श्रेष्ठलाई विमेन्स ट्याब्लोयड 'द भ्वाइस अफ द विमेन'ले 'बेस्ट वमेन सीईओ इन स्ट्राटेजिक लिडरशीप-जेनेरल इन्स्योरेन्स २०२५' बाट सम्मान गरेको हो । सीईओ श्रेष्ठले यो सम्मान आफ्नो व्यक्तिगत उपलब्धि मात्र नभई यो समग्र नेपाली बीमा उद्योगको उपलब्धि र यसमा सक्रिय सम्पूर्ण महिलाको सामूहिक पहिचान भएको बताइन् ।

बेलायतमा मुख्यालय रहेको 'द भ्वाइस अफ द विमेन'ले व्यवसाय, नेतृत्व र उद्यमशीलता क्षेत्रमा विशिष्ट योगदान दिने महिलाहरूको पहिचान र सम्मान गर्दै आएको बताइएको छ । हरेक वर्ष विश्वभरका प्रेरणादायी महिलालाई विविध विधामा सम्मान गर्ने क्रममा यसवर्ष श्रेष्ठले बीमा क्षेत्रतर्फको उक्त अवार्ड हात गरेकी हुन् ।

श्रेष्ठको नेतृत्वमा हिमालयन एभरेष्ट इन्स्योरेन्सले बीमा क्षेत्रमा नवीनता, पारदर्शिता र ग्राहकमुखी सेवामा उल्लेखनीय सुधार ल्याएको बताइएको छ । रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयन, डिजिटल प्रविधिको प्रयोग र संस्थागत सुशासनमार्फत कम्पनीले पछिल्ला वर्षहरूमा निरन्तर प्रगति हासिल गर्दै आएको बताएको छ ।

# कुखुरामा लाग्ने रोगबारे विज्ञ र प्राविधिकबीच अन्तरक्रिया

**सूर्यप्रसाद अधिकारी**

चितवन

चितवनमा कुखुरामा देखापर्ने रोगसम्बन्धी विषयमा विज्ञ तथा प्राविधिकबीच अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । नेपाल कुखुरा व्यवसायी मञ्च र राष्ट्रिय पक्षीरोग अन्वेषण प्रयोगशाला चितवनको संयुक्त आयोजनामा चितवन तथा यससँग सीमा जोडिएका नवलपरासी (बर्दघाट सुस्तापूर्व) र मकवानपुरलाई समेटेर एकदिवसीय अन्तरक्रिया गरिएको हो ।

'वर्तमान अवस्था : समस्या, चुनौती र समाधानका उपायहरू' विषयक उक्त कार्यक्रममा पक्षीरोगसम्बन्धी अनुसन्धान र पोल्ट्री क्षेत्रमा देखापर्ने रोगहरूको अवस्था, रोकथाम तथा नियन्त्रणसम्बन्धी विषयमा कार्यपत्र प्रस्तुत गरिएको थियो ।

राष्ट्रिय पक्षीरोग अन्वेषण प्रयोगशालाका प्रमुख तथा वरिष्ठ पशुचिकित्सक डा. विजयकुमार श्रेष्ठले स्वागत मन्तव्यसहित प्रयोगशालाबाट सञ्चालित गतिविधिहरू, पोल्ट्री क्षेत्रमा देखापर्ने रोगहरू तथा प्रयोगशालालाई थप व्यवस्थित बनाउन आवश्यक उपायहरूबारे कार्यपत्र प्रस्तुत गरे ।

त्यस्तै, कृषि तथा वन विज्ञान विश्वविद्यालयका सहप्राध्यापक डा. अनन्त दाहालले पोल्ट्री व्यवसायमा हालसम्म देखिएका रोगहरू, रोकथामका लागि गरिएका प्रयासहरू तथा आगामी रणनीतिबारे जानकारी दिएका थिए ।

नेपाल कुखुरा व्यवसायी मञ्चका सचिव डा. विष्णुहरि शर्माले पोल्ट्री क्षेत्रमा सरकारको भूमिका, नीति निर्माण, समस्या र समाधानका उपायबारे कार्यपत्र प्रस्तुत गर्दै उक्त कार्यपत्र पशुसेवा विभागका महानिर्देशकसमक्ष हस्तान्तरण गरेका थिए ।



कार्यपत्रहरू प्रस्तुत भएपछि केन्द्रीय प्रयोगशालाका वरिष्ठ पशुचिकित्सक डा. अर्जुन अर्याल, नेपाल भेटेरिनरी एसोसिएसन बागमती प्रदेशका अध्यक्ष डा. निमेष खनाल, जिल्ला पशु सेवा कार्यालय चितवनका प्रमुख वरिष्ठ पशु विकास अधिकृत सुशील के.सी, तथा कृषि तथा वन विज्ञान विश्वविद्यालयका सहप्राध्यापक डा. जीवन अधिकारीलगायतले पोल्ट्री क्षेत्रको समग्र विकासका लागि अपनाउनुपर्ने रणनीतिबारे धारणा राखेका थिए ।

कार्यक्रमका प्रमुख अतिथि पशुसेवा विभागका महानिर्देशक डा. रामनन्द तिवारीले पोल्ट्री क्षेत्रसँग सम्बन्धित समस्या समाधानमा सरकार तयार रहेको र आवश्यक परेमा निजीक्षेत्रसँग सहकार्य गरी नीति तथा नियममा सुधार गरिने बताए । साथै, रोगको रोकथाम, नियन्त्रण तथा प्रवर्द्धनका लागि सरकार, निजीक्षेत्र, अनुसन्धान संस्था, पशुचिकित्सकहरू र विश्वविद्यालयहरूको महत्त्वपूर्ण भूमिका रहने उल्लेख गरे । कार्यक्रम नेपाल कुखुरा व्यवसायी मञ्चका अध्यक्ष रघुनाथ भट्टको सभापतित्वमा सम्पन्न भएको थियो ।

# महालक्ष्मी विकास बैंकको मोबाइल एपबाटै रेमिट्यान्स

काठमाडौं (अस) । महालक्ष्मी विकास बैंकले बैंकिङ एप 'महालक्ष्मी स्मार्ट साथी'मार्फत अन्तरराष्ट्रिय रेमिट्यान्स सिधै खातामा प्राप्त गर्न सकिने सुविधा शुरू गरेको छ । यसअन्तर्गत नेपाल बाहिरबाट पैसा पठाउने व्यक्तिको विवरण, रेमिट्यान्स एजेन्ट र मनी ट्रान्सफर कन्ट्रोल नम्बर बैंकको मोबाइल बैंकिङ एपमा प्रविष्ट गरेर आफ्नो खातामा सिधै रकम प्राप्त गर्न सकिने बताइएको छ । यो सुविधाको थप भएसँगै रेमिट्यान्स रकम लिन रेमिट्यान्स काउन्टर वा पेमेन्ट एजेन्टकोमा जानुपर्ने बाध्यताको अन्त्य हुने बैंकको भनाइ छ । मोबाइल बैंकिङ एपमै एकीकृत गरी यस किसिमको विप्रेषण सेवा प्रदान गर्ने विकास बैंकमा महालक्ष्मी पहिलो विकास बैंक बनेको बताइएको छ ।

# नेपाल एसबिआई मर्चेण्टलाई 'एमबान कप-२०८२' को उपाधि

काठमाडौं (अस) । नेपाल मर्चेन्ट बैंकर्स संघ (एमबान)ले आयोजना गरेको 'एमबान कप-२०८२' को फुटसल खेलमा नेपाल एसबिआई मर्चेन्ट बैंकिङ लिमिटेडले उपाधि हासिल गरेको छ । प्रतियोगितामा एसबिआई मर्चेण्टले उत्कृष्ट गोलकिपर तथा सर्वाधिक गोलकर्ताको उपाधि समेत हासिल गरेको बताइएको छ । कम्पनीले यो सफलतामा योगदान पुऱ्याउने सम्पूर्ण खेलाडी, प्रशिक्षक तथा व्यवस्थापन टिमलाई बधाई एवं धन्यवाद व्यक्त गरेको छ ।




एनएमबि बैंक लिमिटेड,
बबरमहल, काठमाडौं फोन नः ५३४६१६०
हकदावी गर्न आउने बारेको ३५ (पैंतिस) दिने सार्वजनिक सूचना
प्रकाशित मितिः २०८२/०३/०९

यस बैंकको निक्षेपकर्ता श्री प्रेम बहादुर अर्याल को छोरा श्री बिजया अर्याल क्षेत्री को श्रीमान श्री बिश्व बहादुर क्षेत्री, भरत बहादुर क्षेत्री, विक्रम बहादुर क्षेत्री को बुवा ललितपुर जिल्ला ललितपुर नगरपालिका ०२ (हालको ठेगाना ललितपुर महानगरपालिका वडा नं. १०) बस्ने श्री **भीम बहादुर अर्याल क्षेत्री** (ना.प्र.प.न.१२०८ जारी मिति २०३७/०९/ १९) वर्ष ८२ को उमेरमा मिति २०८२/०१/२९ गते निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनी निजको एकाघरको छोरा, विक्रम बहादुर क्षेत्री ले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदावी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदावी गर्न आउनु हुन अनुरोध छ । अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकको छोरा विक्रम बहादुर क्षेत्रीको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## संस्थापक समुहको शेयर बिक्री सम्बन्धी सूचना

**प्रकाशित मिति : २०८२/०३/०९**

यस वित्तीय संस्थाको तपशिलमा उल्लेखित संस्थापक शेयरधनीले आफ्नो नाममा रहेको संस्थापक शेयरहरु मध्ये जम्मा शेयर ३७,८०३ कित्ता विक्री गर्न सञ्चालक समिति मार्फत आवेदन दिनु भएकोले सो संस्थापक शेयर खरिद गर्न यस वित्तीय संस्थाका विद्यमान संस्थापक शेयरधनीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । उक्त संस्थापक शेयरधनीहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय बनेपा-८ काभ्रेपलान्चोकमा लिखित जानकारी गराउन हुन अनुरोध गरिन्छ । तोकिएको समयावधि भित्र विद्यमान संस्थापक शेयरधनीहरुवाट शेयर खरिद गर्ने सम्बन्धमा कुनै लिखित जानकारी प्राप्त हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशन तथा अन्य प्रचलित कानून बमोजिम शेयर विक्री प्रकृया अगाडि बढाईने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

**तपशिल :**

| क्र.सं. | बिक्री गर्न चाहाने संस्थापक शेयरधनी | विक्री गर्न चाहेको शेयर कित्ता (संख्या) |
|---|---|---|
| १ | श्री प्रकाश बोहरा | १६,४१४ |
| २ | श्री ज्ञानेन्द्र पौडेल | १६,८८९ |
| ३ | श्री देवराज पाण्डे | ४,५०० |
| | **जम्मा शेयर कित्ता** | **३७,८०३** |

नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लि.
NERUDE MIRMIRE LAGHUBITTA BITTIYA SANSTHA LTD.
नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था
केन्द्रीय कार्यालय, बनेपा-८, काभ्रेपलान्चोक, फोन नं. ०११-६६२३११, ६६२३१२

## एशियन लाइफ इन्स्योरेन्स क.लि. को १७ औं वार्षिक साधारण सभा बस्ने सूचना

यस **एशियन लाइफ इन्स्योरेन्स क.लि.**को मिति २०८२ साल आषाढ ८ गते अपरान्ह ३:३० बजे बसेको संचालक समितिको २०५औं बैठकको निर्णयानुसार १७औं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि अनुरोध गर्दछु ।

**सभा हुने मिति, स्थान र समय :**
मिति : २०८२/०३/३० गते सोमबार (तदनुसार, जुलाई १४, २०२५)
स्थान : होटल ईच्छा सिमरा, बारा ।
समय : दिउँसो १:०० बजे ।

**(क) सामान्य प्रस्तावहरू :**
१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने बारे ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष.२०८०/०८१ (NFRS बमोजिम ) आषाढ मसान्त सम्मको वासलात,नाफा/नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाहको विवरण र सो सम्बन्धि संलग्न अनुसूचिहरु माथी छलफल तथा पारित गर्ने बारे ।
३. संचालक समितिबाट प्रस्तावित नगद लाभांश (कर प्रयोजनको लागि) ०.२६८४%ले हुन आउने रु.९१,२५,८७६/- (अक्षरुपी एकानब्बे लाख पच्चीस हजार आठ सय छयत्तर मात्र) पारित गर्ने बारे ।
४. संस्थापक शेयरधनी (समूह क) को तर्फबाट संचालक समितिमा प्रतिनिधित्व हुने संचालक पद-३ र सर्वसाधारण शेयरधनी (समूह ख) को तर्फबाट संचालक समितिमा प्रतिनिधित्व हुने संचालक पद- २, को निर्वाचन गर्ने र १ जना स्वतन्त्र संचालक मनोनित गर्ने बारे ।
५. आर्थिक वर्ष २०८१/०८२ को लागि लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा (हालको लेखा परिक्षक बि.के. अग्रवाल एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्स पुन नियुक्त हुन सक्ने ।

**(ख) विशेष प्रस्तावहरू :**
१. आर्थिक वर्ष २०८०/०८१ सम्मको संचित नाफाबाट यस कम्पनीको चुक्ता पूँजी रु.३,३९,९८,३६,३०७/- को बोनस शेयर ५.१०% ले हुन आउने रु.१७,३३,९१,६५२/- (अक्षरुपी सत्र करोड तैतिस लाख एकानब्बे हजार छ सय बाउन्न मात्र) रकम बराबरको बोनश शेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने ।
२. उल्लेखित बोनस शेयर वितरण पश्चातको हदसम्म जारी तथा चुक्ता पूँजी वृद्धि गर्न स्वीकृती गर्ने बारे ।
३. कम्पनीको विशेष प्रस्ताव अन्तर्गत नं.१ प्रस्तावको निर्णय कार्यान्वयनको लागि कम्पनीको प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन गर्न तथा सम्बन्धित निकायबाट प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन तथा प्राप्त हुने निर्देशन कार्यान्वयन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

**ग) विविध ।**

### साधारण सभा सम्बन्धि सामान्य जानकारीहरू :

१. कम्पनीको शेयर दाखिला खारेजको काम यहि मिति २०८२/०३/२० गते एक दिनका लागि बन्द रहनेछ । शेयर दाखिल खारेज बन्द गरीएको मिति भन्दा अगावै अर्थात २०८२/०३/१९ गते सम्म शेयर खरिद गरी प्रचलित कानून बमोजिम यस कम्पनीको शेयर रजिष्ट्रार एनआईएमबी एस क्यापिटल लिमिटेड, लाजिम्पाटमा प्राप्त विवरणको आधारमा कायम शेयरधनीहरुले मात्र यस वार्षिक साधारण सभामा भाग लिन पाउने छन ।
२. संस्थापक तथा सर्वसाधारण शेयरधनीको समूह तर्फबाट प्रतिनिधित्व हुन संचालक समितिको निर्वाचन सम्बन्धि कार्य तालिका कम्पनीको सूचना पाटी तथा वेभसाईटमा प्रकाशित गरिनेछ ।
३. सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुले सभा हलमा प्रवेशको लागि सक्कल शेयर प्रमाणपत्र वा हितग्राही खाता खोलिएको कागजात, प्रकाशित प्रवेशपत्र अथवा आफ्नो कुनै आधिकारीक परिचयपत्र साथमा लिई आउनु हुन अनुरोध छ ।
४. सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई सभास्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका बिहान १०:०० बजे देखि सभा सम्पन्न नभएसम्म खुल्ला रहनेछ । शेयरधनीको उपस्थितीबाट प्रचलित ऐनको व्यवस्था बमोजिमसभाका लागि आवश्यक गणपुरक संख्या पुरा भएपश्चात सभाको कारवाही अगाडी बढाइने छ ।
५. छलफलका विषयमध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न ईच्छुक शेयरधनी महानुभावहरुले सभा हुनु भन्दा ७ (सात) दिन अगावै छलफलको बिषय लिखित रुपमा कम्पनी सचिव मार्फत संचालक समितिका अध्यक्षलाई संबोधन गरी प्रधानकार्यालय, मैतिदेवी काठमाण्डौंमा दर्ता गर्नुपर्नेछ । त्यस्तो विषय संचालक समितिका अध्यक्ष ज्यूलाई उचित लागेमा मात्र छलफलको लागि समावेश गरिनेछ ।
६. कुनै एक शेयरधनीले एक भन्दा बढि व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी पठाएकोमा जसको नियुक्ति सवैभन्दा अघिल्लो मितिमा कम्पनीमा प्राप्त हुन्छ निजलाई मात्र प्रतिनिधीको हैसियतले सभामा भाग लिने र मतदान गर्ने अधिकार हुनेछ त्यसपछि आउने प्रोक्सी स्वतःबदर वा अमान्य हुनेछ ।
७. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले सम्पूर्ण शेयरको प्रतिनिधि एउटै व्यक्ति (विभाजन नहुने गरी) हुने गरी प्रतिनिधि- पत्र (प्रोक्सी फारम) भरी कम्पनीको प्रधानकार्यालयमा सभा शुरु हुनुभन्दा ४८ घण्टा अगाडि दर्ता गरी सक्नु पर्नेछ ।
८. एकै शेयरधनीले एक भन्दा बढि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्नु भएको अवस्थामा पहिलो दर्ता हुने प्रोक्सी मान्य हुनेछ । त्यस पछि आउने प्रोक्सी स्वतःबदर वा अमान्य हुनेछ ।
९. सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनी स्वयं सभामा उपस्थित हुन चाहेमा शेयरधनीले सभा शुरु हुनु भन्दा ४८ घण्टा अगाडी सो व्यहोराको लिखित पत्र प्रधानकार्यालय मैतीदेवीमा दर्ता गर्नु पर्नेछ ।
१०. नावालक वा बिक्षिप्त शेयरधनीको तर्फबाट यस कम्पनीको शेयर लगत कितावमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनीधि तोक्न सक्नुहुनेछ । तर संरक्षक आफैं संचालकमा उम्मेदवार हुन र आफु संरक्षक रहेको शेयरवालाको बाहेक अन्य शेयरवालाको प्रतिनिधित्व गर्न वा प्रोक्सी संकलन गर्न पाउने छैन ।
११. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा आधिकारीक प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भागलिन सक्नु हुनेछ । प्रोक्सीको हकमा पनि सोही व्यवस्था लागु हुनेछ ।
१२. शेयरधनी महानुभावहरुलाई शेयरधनीको दर्ता किताबमा कायम रहेको ठेगानामा बार्षिक प्रतिवेदन पुस्तिका पठाईनेछ । कुनै कारणबश उक्त पुस्तिका नपाउनु भएमा कम्पनीको प्रधानकार्यालय एशियनलाईफ भवन मैतिदेवी काठमाण्डौं तथा अधिराज्य भरी रहेका ५० वटा शाखा कार्यालयहरुबाट प्राप्त गर्न सकिनेछ । साथै सभाको सूचना र वित्तीय विवरण कम्पनीको वेभसाईट www.asianlife.com.np मा समेत हेर्न सकिनेछ ।
१३. साधारणसभा सम्बन्धि थप जानकारीको लागि कम्पनीको प्रधानकार्यालय एशियन लाईफ भवन मैतिदेवी, काठमाण्डौमा सम्पर्क राख्नु हुन अनुरोध छ ।
१४. सभा सम्बन्धि अन्य काम कारवाही कम्पनी ऐन २०६३ बमोजिम हुनेछ ।

ASIAN Life Insurance Company
एशियन लाईफ इन्स्योरेन्स कं. लि.

**प्रधान कार्यालय**
**एशियन लाईफ भवन, मैतीदेवी-३०,काठमाण्डौं**
**फोन नं.** ०१ ४५१०११५, ४५३०२७०
**इमेलः** asianlife@asianlife.com.np

www.asianlife.com.np

## डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड
## Deprosc Laghubitta Bittiya Sanstha Limited

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)
**केन्द्रीय कार्यालय भरतपुर, चितवन**

### कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

*(सूचना प्रकाशित मिति २०८२/०३/०९ गते सोमबार)*

यस लघुवित्त वित्तीय संस्था लिमिटेडबाट तपसिलमा उल्लेखित ऋणीले उपभोग गर्नु भएको ऋण/कर्जा निज ऋणीले यस वित्तीय संस्थासँग गरेको सम्झौता तथा लिखत बमोजिम सो कर्जा रकमको साँवा र ब्याजको रकम नियमित/चुक्ता फछ्र्यौट गर्न पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको बेवास्ता गरी तपाई ऋणी तथा जमानतकर्ताले कर्जा नियमित/चुक्ता फछ्र्यौट नगर्नु भएको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस लघुवित्त वित्तीय संस्था लिमिटेडको सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी कर्जा तिर्न बुझाउन बाँकी रहेको सम्पूर्ण बक्यौता रकम चुक्ता फछ्र्यौट गर्न/गराउनु हुन ऋणी, जमानतकर्ता लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशन, परिपत्र, सूचना अनुसार ऋणी तथा सम्बन्धित पक्षलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाबाट जानकारी गराइनुको साथै बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी तपाईको चल अचल सम्पत्ति बेच बिखन/रोक्का गर्न सक्ने वा उक्त सम्पत्तिबाट लघुवित्त वित्तीय संस्था लिमिटेडको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ ।

**ऋणीको नाम ठेगाना तथा विवरण :**

| क्र.स. | शाखाको नाम | सदस्यता नं. | ऋणीको नाम | ऋणी/जमानीकर्ता | ना.प्र.नं/जिल्ला | बाबुको नाम | पतिको नाम | ससुरा/बाजेको नाम | ऋणी/जमानीकर्ताको ठेगाना | उद्देश्य | जग्गाधनीको नाम | जग्गाधनी सँगको नाता | धितो रहेको ठेगाना | कित्ता नं. | धितोको क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | चपुर, रौतहट | ००३१२८०३०६ | सिता कुमारी दहाल | ऋणी | ३२३००७८-१८८७ रौतहट | गम्बिर बहादुर लोप्चन | खिलनाथ दहाल | लक्ष्मी प्रसाद दहाल | पौराई २, रौतहट | होटल | खिलनाथ दहाल | पति | जुडिवेला १, रौतहट | १२७८ | १३५४.५२ व.मि. |
| २ | चपुर, रौतहट | ००३१२८०३०६ | खिलनाथ दहाल | जमानीकर्ता | १०५ रौतहट | लक्ष्मी प्रसाद दहाल | | लिला नाथ उपाध्याय | पौराई २, रौतहट | होटल | खिलनाथ दाहाल | पति | जुडिवेला १, रौतहट | १२७८ | १३५४.५२ व.मि. |
| ३ | चपुर, रौतहट | ००३०४००३०२ | उर्मिला देवी | ऋणी | ०३२३०७७/८३८ रौतहट | दिल हजारी | महेन्द्र हजारी | राम असीस हजारी | गम्हरीया पर्सा ९, रौतहट | कृषि | महेन्द्र हजारी | पति | गम्हरीया ७, रौतहट | २९२ | ६७७.२ व.मि. |
| ४ | चपुर, रौतहट | ००३०४००३०२ | महेन्द्र हजारी | जमानीकर्ता | ३५१ रौतहट | राम असीस हजारी | | महेश हजारी | गम्हरीया ९, रौतहट | कृषि | महेन्द्र हजारी | पति | गम्हरीया ७, रौतहट | २९२ | ६७७.२ व.मि. |
| ५ | चपुर, रौतहट | ००३१२५०३०६ | कुमारी थल सापकोटा | ऋणी | ६५८९/८५२४ सिन्धुली | पदम लाल चौलागाई | जीव प्रसाद सापकोटा | सुर्य कान्त सापकोटा | वागमती ११, सर्लाही | दुध व्यवसाय | जीव प्रसाद सापकोटा | पति | हरीवन ८, सर्लाही | ४७२ र ४७० | ८४.६५ र १३२.२९ व.मि. |
| ६ | दमौली, तनहुँ | ००९२०५०१०८ | शोभा सुनार | ऋणी | ४३३०१९/३३२ तनहुँ | खिल बहादुर कामी | कृष्ण बहादुर सुनार | लक्षे सुनार | भानु ५, तनहुँ | बंगुरपालन | लक्षे सुनार | ससुरा | दोरदोर १, तनहुँ | १०० | १९८९.२५ व.मि. |
| ७ | दमौली, तनहुँ | ००९२०५०१०८ | कृष्ण बहादुर सुनार | जमानीकर्ता | ८३०४२ तनहुँ | लक्षे सुनार | | | भानु २, तनहुँ | बंगुरपालन | लक्षे सुनार | ससुरा | दोरदोर १, तनहुँ | १०० | १९८९.२५ व.मि. |
| ८ | दमौली, तनहुँ | ००९११४०१०२ | जुनमाया सार्की | ऋणी | ४३१००१/१०३७६८ तनहुँ | टिकाराम सार्की | दुर्गे सार्की | सेते सार्की | ब्यास ६, तनहुँ | बंगुरपालन | जुन माया सार्की | स्वयम आफै | गुणदी ६, तनहुँ | २९४ | १५८.९८ व.मि. |
| ९ | दमौली, तनहुँ | ००९११४०१०२ | दुर्गे सार्की | जमानीकर्ता | ७७२ तनहुँ | सेते सार्की | | | ब्यास ५, तनहुँ | बंगुरपालन | जुन माया सार्की | स्वयम आफै | गुणदी ६, तनहुँ | २९४ | १५८.९८ व.मि. |
| १० | दमौली, तनहुँ | ००९११४०१०४ | पवित्रा नेपाली | ऋणी | ४३३००१/१३८ तनहुँ | खम्ब सिं गुरूङ | टीकाराम नेपाली | धनबहादुर सार्की | ब्यास ६, तनहुँ | बंगुरपालन | पबित्रा नेपाली | स्वयम आफै | स्याम्घा ६, तनहुँ | ८६८ | १९०.७४ व.मि. |
| ११ | दमौली, तनहुँ | ००९११४०१०४ | टीकाराम नेपाली | जमानीकर्ता | ९५८३४ तनहुँ | धनबहादुर सार्की | | | ब्यास ६, तनहुँ | बंगुरपालन | पबित्रा नेपाली | स्वयम आफै | स्याम्घा ६, तनहुँ | ८६८ | १९०.७४ व.मि. |
| १२ | दमौली, तनहुँ | ००९०१७०३०४ | बिमला दर्जी | ऋणी | ४३१०१५/१११६६९ तनहुँ | भविलाल दमै | कृष्ण दर्जी | चिम्से दर्जी | पोखरीभञ्ज्याङ ९, तनहुँ | सुन्तला खेती | कृष्ण दर्जि | पति | केसवटार ५, तनहुँ | २५७ र २६१ | २००.७१ र ४१५.३४ व.मि. |
| १३ | दमौली, तनहुँ | ००९०१७०३०४ | कृष्ण दर्जी | जमानीकर्ता | ४३१०१६/१११६२७ तनहुँ | चिम्से दर्जी | | | पोखरीभञ्ज्याङ ९, तनहुँ | सुन्तला खेती | कृष्ण दर्जि | पति | केसवटार ५, तनहुँ | २५८ र २६१ | २००.७१ र ४१५.३४ व.मि. |
| १४ | गरूडा, रौतहट | ००१२४२०३०५ | मदिना खातुन | ऋणी | ३२३०२६/९६३ रौतहट | कुनु नट | जर्नेल नट | बद्री नट | पिप्रा राजवडा ९, रौतहट | पशु व्यापार | मदिना खातुन | स्वयम आफै | पिप्रा राजबाडा ६, रौतहट | ४०।२८, १४०, १४३, १४६, १४९ | ०-०-२३/४, ०-०-२, ०-०-१, ०-०-३१/४, ०-०-१ |
| १५ | गरूडा, रौतहट | ००१०००३९०४ | रेखा कुमारी सहनी | ऋणी | ३२-०६-७८-०२३०१ रौतहट | ज्योतिक सहनी | राकेश कुमारी सहनी | उपेन्द्र सहनी | गढीमाई ९, रौतहट | माछा व्यापार | उपेन्द्र सहनी | ससुरा | मलाही ६, रौतहट | ४१४ | ७८४.६७ व.मि. |
| १६ | गरूडा, रौतहट | ००१०००३९०४ | राकेश कुमार सहनी | जमानीकर्ता | ३२१०९०-१०३७ रौतहट | उपेन्द्र सहनी | | राम किशोर सहनी | बरियारपुर ७, रौतहट | माछा व्यापार | उपेन्द्र सहनी | ससुरा | मलाही ६, रौतहट | ४१४ | ७८४.६७ व.मि. |
| १७ | गरूडा, रौतहट | ००१०००३९०४ | उपेन्द्र सहनी | जमानीकर्ता | १०३८ रौतहट | राम किशोर सहनी | | | बरियारपुर ७, रौतहट | माछा व्यापार | उपेन्द्र सहनी | ससुरा | मलाही ६, रौतहट | ४१४ | ७८४.६७ व.मि. |
| १८ | गरूडा, रौतहट | ००१२०९०२०१ | संझा देवी | ऋणी | ३३२९ रौतहट | किरीत राय यादव | सिकिन्दर राय यादव | बाबुलाल राय यादव | खेसरहिया ७, रौतहट | साइबर पसल | संझा देवी | स्वयम आफै | खेसरहिया २, रौतहट | ४५८ | १३०.३८ व.मि. |
| १९ | गरूडा, रौतहट | ००१२१२०५०३ | मंजु देवी | ऋणी | २४७-०१३ रौतहट | हरिश्चन्द्र साह | राम ईश्वर प्रसाद | राम एकवाल साह कलवार | दिपही ९, रौतहट | कवाडी | राम ईश्वर प्रसाद | पति | दिपही ९ र ५, रौतहट | ५७८ र ८०९ | २१.०० र १६५.०९ व.मि. |
| २० | गरूडा, रौतहट | ००१२१२०५०३ | राम ईश्वर प्रसाद | जमानीकर्ता | २०९० रौतहट | राम एकवाल साह कलवार | | रामाशिष साह कलवार | दिपही ९, रौतहट | कवाडी | राम ईश्वर प्रसाद | पति | दिपही ९ र ५, रौतहट | ५७९ र ८०९ | २१.०० र १६५.०९ व.मि. |
| २१ | जिरी, दोलखा | ०५२०३५०४०२ | वुच्चु माया तामाङ | ऋणी | ७०७३६ रामेछाप | निङवर तामाङ | लाकचुङ तामाङ | दाछिरीङ तामाङ | गोकुलगंगा ५, रामेछाप | होटल | बच्चु माया तामाङ | स्वयम आफै | नामाडी ९, रामेछाप | १६९ र १८५ | ५२८६.०९ र ४६५८.१४ व.मि. |
| २२ | जिरी, दोलखा | ०५२०३५०४०२ | अमृत तामाङ | जमानीकर्ता | २१-०१-७०-३८६०८ रामेछाप | साङगु तामाङ | | | नामाडी ९, रामेछाप | होटल | बच्चु माया तामाङ | स्वयम आफै | नामाडी ९, रामेछाप | १७० र १८५ | ५२८६.०९ र ४६५८.१४ व.मि. |
| २३ | जिरी, दोलखा | ०५२०१४०८०५ | बिष्णु तमाङ | ऋणी | २२-०१-७०-४६६५ दोलखा | बम बहादुर तमाङ | यम बहादुर तमाङ | डिल्ले तामाङ | ठूलोपातल ९, दोलखा | कृषि | मिश्री तामाङनी | सासु | ठुलोपातल ९, दोलखा | ७८९, १०३८, १०३५ र १०४१ | ५४२०, ३३६, ११७३ र २१५ व.मि. |
| २४ | जिरी, दोलखा | ०५२०१४०८०५ | मिश्रि तामाङनी | जमानीकर्ता | १५५२७ दोलखा | विर बहादुर तमाङ | डिल्ले तमाङ | तुले तमाङ | ठूलोपातल ९, दोलखा | कृषि | मिश्री तामाङनी | सासु | ठुलोपातल,०९,दोलखा | ७८९, १०३८, १०३५ र १०४१ | ५४२०, ३३६, ११७३ र २१५ व.मि. |
| २५ | पकडीबजार, कपिलवस्तु | १२४०२००३०४ | सिमिरता बरई | ऋणी | ३८१०१४/२२३३ कपिलवस्तु | कुटुर बरई | सुर्य कुमार बरई | राम किशोर | बाँसखोर १, कपिलवस्तु | भैंसी पालन | सिमिरता बरई | स्वयम आफै | बाँसखोर ८, कपिलवस्तु | १४ | ६९४.२१ व.मि. |
| २६ | पकडीबजार, कपिलवस्तु | १२४०२००३०४ | सुर्य कुमार बरई | जमानीकर्ता | ३८१६१७/ना ५८ कपिलवस्तु | राम किशोर | | | बाँसखोर ८, कपिलवस्तु | भैंसी पालन | सिमिरता बरई | स्वयम आफै | बाँसखोर ८, कपिलवस्तु | १४ | ६९४.२१ व.मि. |
| २७ | फुङलिङ्ग, ताप्लेजुङ्ग | ०७१००६०११९ | कविता चेलीफुङ पालुंवा | ऋणी | ०१-०१-७१-००५८१ ताप्लेजुङ्ग | वृख वहादुर लिम्वु | विनोद पालुंवा | कृष्ण वहादुर लिम्वु | ताप्लेजुङ्ग ८, ताप्लेजुङ्ग | सवारी मर्मत | कविता चेलीफुङ पालुंवा | स्वयम आफै | दोखु ३, ताप्लेजुङ्ग | ६४२ | ९६३.७४ व.मि. |
| २८ | फुङलिङ्ग, ताप्लेजुङ्ग | ०७१००६०११९ | विनोद पालुंवा | जमानीकर्ता | ०११०२८/२०९ ताप्लेजुङ्ग | कृष्ण वहादुर लिम्वु | | | दोखु २, ताप्लेजुङ्ग | सवारी मर्मत | कविता चेलीफुङ पालुंवा | स्वयम आफै | दोखु ३, ताप्लेजुङ्ग | ६४२ | ९६३.७४ व.मि. |
| २९ | फुङलिङ्ग, ताप्लेजुङ्ग | ०७१००६०११९ | राज कुमार पालुंवा | जमानीकर्ता | ०११०२८/५१४ ताप्लेजुङ्ग | कृष्ण वहादुर लिम्वु | | | दोखु २, ताप्लेजुङ्ग | सवारी मर्मत | कविता चेलीफुङ पालुंवा | स्वयम आफै | दोखु ३, ताप्लेजुङ्ग | ६४२ | ९६३.७४ व.मि. |
| ३८ | सिसौट, सर्लाही | १०९०५३०१०२ | कोरेसा खातुन | ऋणी | १९३०२२/२३३ सर्लाही | अलिमिया धोवी | जाकिर हुसैन | दिल महम्मद धोवी | गोडैता ५, सर्लाही | कपडा व्यापार | कोरेसा खातुन | स्वयम आफै | हनुमाननगर छपकैया ५, सर्लाही | ७३१ | ३३८.६४ व.मि. |
| ३९ | सिसौट, सर्लाही | १०९०५३०१०२ | जाकिर हुसेन | जमानीकर्ता | ०००३१/३५६९२०२५ सर्लाही | दिल महम्मद धोवी | | | गोडैता ५, सर्लाही | कपडा व्यापार | कोरेसा खातुन | स्वयम आफै | हनुमाननगर छपकैया ५, सर्लाही | ७३१ | ३३८.६४ व.मि. |
| ४० | सिसौट, सर्लाही | १०९०५३०१०२ | मन्सुर धोवी | जमानीकर्ता | ८१३४४६००३ सर्लाही | अलि मिया धोवी | | | सलेमपुर २, सर्लाही | कपडा व्यापार | कोरेसा खातुन | स्वयम आफै | हनुमाननगर छपकैया ५, सर्लाही | ७३१ | ३३८.६४ व.मि. |
| ४१ | सिसौट, सर्लाही | १०९०५३०२०१ | प्रमिला खातुन | ऋणी | १९३०२२/१६१ सर्लाही | मुगा लाल साफी | शौखत हुसैन | दिल महमद धोवी | गोडैता ५, सर्लाही | सिलाई | प्रमिला खातुन | स्वयम आफै | हनुमाननगर छपकैया ५, सर्लाही | ६५६ | ०-०-६ |
| ४२ | सिसौट, सर्लाही | १०९०५३०२०१ | जमसैद अंसारी | जमानीकर्ता | १९-०१-७६-१११९९ सर्लाही | मझर अंसारी | | | गोडैता ७, सर्लाही | सिलाई | प्रमिला खातुन | स्वयम आफै | हनुमाननगर छपकैया ५, सर्लाही | ६५६ | ०-०-६ |
| ४३ | टाँडी, चितवन | ००७१७८०१०६ | मञ्जु मगर | ऋणी | १११८/०६२ चितवन | डोर बहादुर राना मगर | तिलक बहादुर मगर | देव बहादुर मगर | शक्तिखोर ८, चितवन | कृषि | तिलक वहादुर मगर | पति | जुटपानी २, चितवन | १६३ र १५६ | १४६४.५७ र ३५५.५६ व.मि. |
| ४४ | टाँडी, चितवन | ००७१७८०१०६ | तिलक वहादुर मगर | जमानीकर्ता | ४०७/०५५ चितवन | देव बहादुर मगर | | भक्त वहादुर | शक्तिखोर ८, चितवन | कृषि | तिलक वहादुर मगर | पति | जुटपानी २, चितवन | १६४ र १५६ | १४६४.५७ र ३५५.५६ व.मि. |
| ४५ | टाँडी, चितवन | ००७१९१०११७ | संगिता भुजेल | ऋणी | २०८६/०६२ चितवन | कृष्ण वहादुर भुजेल | मिन वहादुर भुजेल | खेम राज भुजेल | पिठुवा ७, चितवन | कृषि | मिन वहादुर भुजेल | पति | पिठुवा ७, चितवन | १४२५ | ८९९.५८ व.मि. |
| ४६ | टाँडी, चितवन | ००७१९१०११७ | मिन वहादुर भुजेल | जमानीकर्ता | १०१४/०४४ चितवन | खेम राज भुजेल | | प्रेमलाल भूजेल | पंचकन्या ४, चितवन | कृषि | मिन वहादुर भुजेल | पति | पिठुवा ७, चितवन | १४२५ | ८९९.५८ व.मि. |
| ४७ | टाँडी, चितवन | ००७०६२०४०६ | शुसिला ढुंगाना | ऋणी | ८४१२/०६० चितवन | हरी प्रसाद पौडेल | विष्णु विलास ढुंगाना | शिव लाल ढुंगाना | रत्ननगर ७, चितवन | कृषि | विष्णु विलास ढुंगाना | पति | देवौली ६, चितवन | १२७३ | १५२.३७ व.मि. |
| ४८ | टाँडी, चितवन | ००७०६२०४०६ | विष्णु विलास ढुंगाना | जमानीकर्ता | ३३३२ लमजुङ | शिव लाल ढुंगाना | | जेदुनाथ | रत्ननगर ७, चितवन | कृषि | विष्णु विलास ढुंगाना | पति | देवौली ६, चितवन | १२७३ | १५२.३७ व.मि. |
| ४९ | टाँडी, चितवन | ००७०६२०४०६ | राम ढुङ्गाना | जमानीकर्ता | ३५-०१-७५-००८३९ चितवन | विष्णु विलास ढुङ्गाना | | | रत्ननगर ९, चितवन | कृषि | विष्णु विलास ढुंगाना | पति | देवौली ६, चितवन | १२७३ | १५२.३७ व.मि. |
| ५० | टाँडी, चितवन | ००७२९१०१०५ | अन्जना पुडासैनी के.सी. | ऋणी | ६५८१९ गोरखा चितवन | परशुराम पुडासैनी | रामहरि के.सी. | कृष्ण वहादुर के.सी. | कालिका ६, चितवन | कुखुरापालन | अन्जना पुडासैनी के.सी. | स्वयम आफै | कोराक ५, चितवन | ११५ | १३५४.५२ व.मि. |
| ५१ | टाँडी, चितवन | ००७२९१०१०५ | रामहरी के.सी. | जमानीकर्ता | ३९४० चितवन | कृष्ण वहादुर के.सी. | | | जुटपानी ५, चितवन | कुखुरापालन | अन्जना पुडासैनी के.सी. | स्वयम आफै | कोराक ५, चितवन | ११५ | १३५४.५२ व.मि. |
| ५२ | जितपुर, बारा | ०१५०६३०१०७ | साम्भा देवी | ऋणी | ३४-०१-७८-००१३६ पर्सा | राजलाल महरा चमार | राहुल राम | पानालाल महरा | बिरगंज ३१, पर्सा | भुसा ब्यापार | सुनरपती देवी | बुढि सासु | बेलवा प्रसौनी ६, पर्सा | ६६८ | ५४१.७९ व.मि. |
| ५३ | जितपुर, बारा | ०१५०६३०१०७ | राहुल राम | जमानीकर्ता | ३४-०१-७३-०२७७७/पर्सा | पानालाल महरा | | धासी राम चमार | बेलवा ४, पर्सा | भुसा ब्यापार | सुनरपती देवी | बुढि सासु | बेलवा प्रसौनी ६, पर्सा | ६६८ | ५४१.७९ व.मि. |
| ५४ | जितपुर, बारा | ०१५०८९०३०३ | उषा देवी | ऋणी | ३३२०६२/३७०६८ बारा | लक्ष्मण मुखिया बिन | रामरतन मुखिया | शिव पुजन मुखिया | फत्तेपुर ९, बारा | ट्रयाक्टर मर्मत | रामरतन मुखिया | पति | फत्तेपुर ९, बारा | २२६९ | १०१५.८९ व.मि. |
| ५५ | हेटौडा, मकवानपुर | ०१०२३६८ | धन राजथला | ऋणी | ३१३०२३/३८६क मकवानपुर | कृष्ण बहादुर श्रेष्ठ | देवनन्द राजथला | सानु भाई राजथला | हेटौडा ३, मकवानपुर | डेन्टल | धन राजथला | स्वयम आफै | हेटौडा ८, मकवानपुर | ७९२२ | ९३.११ व.मि. |
| ५६ | हेटौडा, मकवानपुर | ०१०२३६८ | देब नन्द राजथला | जमानीकर्ता | २३१ मकवानपुर | सानुभाई राजथला | | राम राजथला | हेटौडा ३, मकवानपुर | डेन्टल | धन राजथला | स्वयम आफै | हेटौडा ८, मकवानपुर | ७९२२ | ९३.११ व.मि. |
| ५७ | हेटौडा, मकवानपुर | ०१०२३६८ | सन्दिप राजथला | जमानीकर्ता | ३१३०२३/३८७क मकवानपुर | देवनन्द राजथला | | सानुभाई राजथला | हेटौडा ३, मकवानपुर | डेन्टल | धन राजथला | स्वयम आफै | हेटौडा ८, मकवानपुर | ७९२२ | ९३.११ व.मि. |

कर्जा एउटा धराप नै हो। यसमा पस्न सजिलै सकिन्छ
तर बाहिर निस्कन निकै कठिन हुन्छ।
**- हेनरी ह्वीलर शा**

सम्पादकीय

# स्वीस बैंकमा घट्दो नेपाली निक्षेपको संकेत

**स्वीस नेशनल बैंकले सार्वजनिक गरेको पछिल्लो तथ्यांकअनुसार सन् २०२४ मा स्वीस बैंकहरूमा रहेको नेपाली निक्षेप ३८ करोड ७० लाख स्वीस फ्र्याान्कमा झरेको छ, जुन अघिल्लो वर्षको तुलनामा उल्लेखनीय कमी हो । यो लगातार दोस्रो वर्ष स्वीस बैंकहरूमा नेपाली रकम घटेको हो । तथापि, यो रकम अझै पनि कोरोना महामारीपूर्वको तुलनामा उच्च छ जुन कुराले नेपाली पूँजी विदेशमा रहने प्रवृत्ति यथावत् रहेको देखाउँछ। यस्तो रकम भ्रष्टाचारबाट आर्जित रकम हो कि होइन भन्ने स्पष्ट आधार छैन तैपनि अवैध धन लुकाउन यसो गरिएको आरोप लगाउने गरिएको छ।**

**स्वीस बैंकहरूमा गोपनीयता कायम हुने हुनाले विगतमा यहाँका बैंकमा पैसा राख्ने प्रचलन बढी थियो तर पछिल्लो समय बैंकले केही जानकारी सार्वजनिक गर्ने गरेको छ । त्यस्तै केही दशकअघिसम्म ट्याक्स हेभन देशहरू कम थिए। त्यस्ता देशमा पैसा लैजाने प्रवृत्ति कम थियो। अझ अहिले विश्वका धेरै वित्तीय राजधानीहरूमा कर कम छ र लगानीको अवसर पनि छ। त्यसैले बैंकमा पैसा थुपार्नभन्दा लगानी गर्न बढी फाइदाजनक हुन्छ । विश्वभरि नै लगानीका लागि निकै खुला नीति लिन थालिएकाले पनि स्वीस बैंकमा निष्क्रिय राखिने पैसा लगानीका लागि अन्यत्र जान थालेको हुन सक्छ । स्वीस बैंकमा राखिएका सबै बैंक अवैध हुन् भन्न पनि सकिन्न। त्यहाँ थुप्रै नेपालीहरू उच्चस्तरको जीवनसहित पेशाव्यवसाय गरेर बसेका पनि भेटिन्छन् । यस्तो संख्या बढ्दो छ। त्यस्तै यूरोपेली मुलुकहरूमा नेपालीको उपस्थिति निकै बाक्लो भएको छ। यूरोपेली मुलुकमा कुनै एक देशको बैंकमा खाता खोलेर कारोबार गरेपछि यूनियनमा आबद्ध देशहरूमा अर्को बेग्लै खाता खोलिरहनु पर्दैन । त्यसले पनि स्वीस बैंकमा अहिले जम्मा भएका पैसा सबै भ्रष्टाचार वा अवैध नै हो भनेर ठोकुवा गर्न सकिँदैन ।**

**यस्तोमा स्वीस बैंकमा नेपालीले पैसा राख्न कम गर्नु सामान्य नै हो । अहिले दुबईमा घरजग्गामा लगानी गर्ने, व्यवसाय गर्नेहरू प्रशस्त छन् । यस्ता क्षेत्रमा पैसा जान थाल्नु यस्तो रकम घट्नुको कारण हुन सक्छ । यो कम हुनुका सम्भावित कारणहरूमा सबैभन्दा पहिले बदलिँदो वित्तीय प्राथमिकता आउँछ । विश्लेषकहरूको मतमा अब नेपाली धनी वर्ग स्वीस बैंकभन्दा सिंगापुर, आयरल्यान्ड, दुबई, केम्यान आइल्यान्ड जस्ता गोपनीयता संरक्षणमा अब्बल राष्ट्रहरूतर्फ आकर्षित हुन थालेका छन्। स्वीट्जरल्यान्डले वर्षेनि सार्वजनिक गर्ने विवरणका कारण त्यसतर्फको गोपनीयता कमजोर हुने महसुसले धेरैको ध्यान अन्य 'ट्याक्स हेभन' मुलुकतर्फ सरेको हुन सक्छ ।**

- **वैध रूपमा विदेशमा कमाउने नागरिकलाई सहज रूपमा देशमै लगानी गर्ने वातावरण तयार पार्नुपर्छ। यस्तो रकम स्वदेशमा ल्याए कर छुट दिने व्यवस्था गर्न सकिन्छ।**
- **यदि सरकार पारदर्शिता, लगानीमैत्री वातावरण, वैधानिक कारोबार र सम्पत्तिको सुरक्षामा विश्वास जगाउन सक्दैन भने नेपाली पूँजी निरन्तर विदेशतर्फ पलायन हुनेछ।**

**यसबाहेक, नेपालमा भएका चुनावी गतिविधिहरू पनि यसमा जोडिएका छन्। २०२२ को निर्वाचन वर्षमा स्वीस बैंकमा नेपाली निक्षेप ऐतिहासिक उच्च बिन्दुमा पुगेको तथ्यांकले देखाउँछ । यसले संकेत गर्छ कि चुनावको समयमा 'अनौपचारिक चन्दा' वा 'कालो धन' विदेश पठाउने प्रवृत्ति कायम छ। राजनीतिक दल र नेताहरूले विदेशी खातालाई सुरक्षित भण्डारण स्थलको रूपमा प्रयोग गरिरहेका छन् भन्ने अनुमान बलियो देखिन्छ । नेपालको चुनाव खर्चिलो भइरहेको सन्दर्भमा यसरी पैसा बढेको देखिनु चिन्ताको विषय हो ।**

**विदेशमा पैसा राख्ने प्रवृत्तिलाई नियन्त्रण गर्न सरकारले विदेशमा राखिएको रकमबारे अनुगमन गर्न सक्ने कानूनी संयन्त्र विकास गर्नुपर्छ। शंकास्पद खाता र रकमको खोजी गर्न विदेशी निकायसँग सहकार्य आवश्यक छ । साथै, वैध रूपमा विदेशमा कमाउने नागरिकलाई सहज रूपमा देशमै लगानी गर्ने वातावरण तयार पार्नुपर्छ । यस्तो रकम स्वदेशमा ल्याए कर छुट दिने व्यवस्था गर्न सकिन्छ । यदि सरकार पारदर्शिता, लगानीमैत्री वातावरण, वैधानिक कारोबार र सम्पत्तिको सुरक्षामा विश्वास जगाउन सक्दैन भने नेपाली पूँजी निरन्तर विदेशतर्फ पलायन हुनेछ । यद्यपि अहिले विदेशी विनिमयको उच्च सञ्चितिले पूँजी पलायन भएको पुष्टि भने गर्दैन। पैसा किन विदेश जान्छ भन्नेमा सरकार गम्भीर बन्न आवश्यक देखिन्छ।**

आर्थिक अभियान

१० वर्षअघिको आर्थिक अभियानबाट

## माथिल्लो कर्णाली अझै राष्ट्रघाती ?

भारतीय कम्पनी जीएमआर इनर्जी लिमिटेडले माथिल्लो कर्णाली तथा माथिल्लो मर्स्याङ्दी दोस्रो जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् नेपालमै बेच्न सकिने बताएको छ । निर्यातमुखी आयोजनाका रूपमा रहेको माथिल्लो कर्णालीलाई केही राजनीतिक दलहरूले 'राष्ट्रघाती'को संज्ञा दिएपछि त्यसको प्रतिक्रियास्वरूप जीएमआरबाट यस्तो भनाइ आएको बुझ्न सकिन्छ । यो परियोजना सम्पन्न हुने अवधिसम्म नेपालमा विद्युत् माग भएको अवस्थामा आयोजनासँग विद्युत् लिन सकिने ऊर्जा मन्त्रालयका अधिकारीहरू पनि बताउँछन् ।

अझ यो आयोजनाले त उत्पादितमध्ये १२ प्रतिशत विद्युत् नेपाललाई निःशुल्क दिने प्रतिबद्धतासमेत गरेको छ । त्यही भएर नै लगानी बोर्डले यो आयोजनालाई राम्रो मानेको छ। यस्ता आयोजनालाई सफल बनाउन जिम्मेवार राजनीतिक दलहरू र सम्बन्धित व्यक्तिहरू लाग्न आवश्यक छ किनभने यी आयोजनाले विद्युत् उत्पादन मात्रै गर्ने छैनन्, मुलुकको आर्थिक वृद्धिलाई उकास्न पनि सहयोग गर्नेछन् ।

**(सम्पादकीयबाट)**

**वर्ष ८, अंक १५९, मंगलवार १५फागुन, २०६९**

# 'डग अन डयुटी' को अर्थशास्त्र

## घरेलु पशु व्यवस्थापनमा स्थानीय सरकारको ध्यान जानुपर्छ



**करीब ६ सय वर्ग किलोमीटर क्षेत्रफलभित्र ५०–६० लाखको जनआवादी थुप्रिएको राजधानीका आना डेढ आनाका घरहरूमा कुकुरपालनको उपस्थिति भने अधिकांशमा बाक्लो गरी देखिनु शहरी सभ्यता नै पो लाग्यो। कुकुर पाल्नु शहरी सभ्यता नै होस् तर तिनको व्यवस्थापन मुख्य कुरा हो।**

**कृष्ण प्रधान**

यो नेपाल खाल्डो अर्थात् चार भञ्ज्याङभित्र छिरेको पनि ५४ वर्ष भइसकेछ । २०२८ सालमा म पहिलोपल्ट यहाँ छिरेको हो । त्यो बेला आउँदा पूर्वी नेपालबाट यहाँ आउने सीधा बाटो थिएन, आजको जस्तो । भारतीय रेलमार्ग हुँदै रक्सौल भएर बाईरोडको बाटो याने कि त्रिभुवन राजपथ भएर यहाँ छिर्नुपर्थ्यो । तीसको आरम्भमा धूलाम्मे महेन्द्र राजमार्ग हुँदै नेपालबाटै २ रात वास बसेर यहाँ पुगिन थालेको हो । पहिलोपल्ट यहाँ आउँदा मैले अनौठो अनुभूत गरेको चाहिँ के हो भने यहाँका अग्लाअग्ला पर्खालका कम्पाउन्डले घेरिएका घरहरूको बाहिर मूलढोकामै लेखिएको 'कुकुरदेखि होशियार' भन्ने साइनबोर्डले गराएको हो । कारण के भने डेरा खोज्दै जाँदा त्यस्ता बोर्ड ढोकैमा झुन्डिएका देखिन्थे । अझै पनि त्यो संस्कारको शेष रहेकै देखिन्छ । त्यो बेला त्यहाँ मान्छे होइन, कुकुरहरू पो बस्ने भएर हो कि ? त्यसरी लेखेका भन्ने लागेकै पनि हो । अभीष्ट त्यसो नहुँदो हो । तर पनि हामीले त्यस किसिमका अर्थ लगाएर मजाक गर्थ्यौं । त्यस्ता लेखिएका स्थानहरूले पनि घर भाडामा त लगाउँथे तर त्यो हाम्रो बुताबाहिरको हुन्थ्यो । कारण, हामी थियौं विद्यार्थी वर्ग र यस्ता वर्गसित साथमा परिवार नभएकाले त्यस्ता स्थानमा प्रायः निषेधै जस्तो थियो डेरा । यसैले कहाँ कहाँ 'टु लेट' लेखिएका छन् त्यतातिर हामी डेराका लागि घुम्थ्यौं पनि । त्यो तरीका पनि यहीँ आएर जानेको हो । त्यस्ता लेखिएका ठाउँहरूमा पहिले त्यसको अर्थ नजानेरै हामीले किन यसरी घरका भित्तामा सबैले देख्नेगरी ट्वाइलेट लेखेको होला ? भनेर अचम्म पनि मान्थ्यौं । बीचमा आई अल्फाबेट चाहिँ छुटेको होला जस्तो लाग्थ्यो । तर, त्यो त घरभाडाका लागि कोठाहरू उपलब्ध छन् वा भाडामा लगाइन्छ भन्ने सन्देश प्रवाह गर्नका लागि गरिएको एकखाले विज्ञापन पो रहेछ । शहरको यो अनौठो चलन देख्दा ऊ बेलाका हामी गँवारलाई त्यस्तो लाग्नु अन्यथा थिएन । पछि त्यस्तै टुलेट लेखिएका स्थानहरूमा डुल्दै घुम्दै गर्दा हाम्रो क्षमताभित्रको डेरा पाएर प्रफुल्लित थियौँ ।

अहिले, त्यो बेलाको नेपाल खाल्डोभित्र वा चारभञ्ज्याङभित्र करीब ५० लाखको मानव आवादी भइसकेको छ । खाल्डोमा घरहरूको जंगल मात्र देखिन्छ । कहीँ कतै खाली ठाउँ छैन। वरिपरिका पाखाभित्ता पनि घरघडेरीका लागि कोतरिन थालेका छन् । आगामी दिनमा रहेबचेका वरिपरिका जंगल सखाप भएछन् भने पनि त्यो कुनै आश्चर्य हुने छैन । त्यो बेला भने गएको असोज २०८१ सालमा आएको बाढी पहिरोकै रमिता हेरेर बस्नुपरेजस्तै अनौठो नमाने पनि हुन्छ । यी त भए भविष्यका सम्भावनाका कुरा । आशा गरौं नेपाल खाल्डो सुन्दर हुनेछ । अहिले चर्चा गर्न लागेको कुरा के हो भने पहिलेझैं अचेल 'कुकुरदेखि होशियार' कम लेखिन थालेका छन्। कम लेखिएको होइन, त्यसको स्वरूपमा परिवर्तन भएको होला । त्यसका स्थानमा 'डग अन डयुटी' ले स्थान लिएको रहेछ । यसैगरी 'टुलेट'का स्थानमा अचेल अनेकौं किसिमका विदेशतिरकाझैं रियल्टर्सहरू देखिन थालेका छन् । घरभाडा खोजिदिने र लगाउने एउटा ब्रोकरजस्तो दलाली कम्पनीकै विकास हुनु नराम्रो होइन। तिनले सेवा दिएबापत १ महीनाको भाडाचाहिँ शुल्कबापत लिँदा रहेछन् । यो पेशा नराम्रो होइन। यिनले दिने सेवाबाट उहिले हामीले पाएको दुःखजस्तो घरघर टुलेट हेर्दै भौंतारिनु नपर्ने र कुकुरदेखि होशियारी पनि गर्दै हिँड्नु नपर्ने रहेछ। यो एक प्रकारको छलाङ नै हो। तर, 'कुकुरदेखि होशियार' लेख्नेहरूले 'डग अन डयुटी' राखेर नयाँ खालको सञ्चारसन्देश प्रवाह गरे पनि तिनका मनोवृत्तिगत संस्कारमा भने कुनै परिवर्तन देखापरेको रहेनछ, चिन्ता यहाँनेर हो ।

करीब ६ सय वर्ग किलोमीटर क्षेत्रफलभित्र ५०-६० लाखको जनआवादी थुप्रिएको राजधानीका आना डेढ आनाका घरहरूमा कुकुरपालनको उपस्थिति भने अधिकांशमा बाक्लो गरी देखिनु शहरी सभ्यता नै पो लाग्यो । कुकुर पाल्नु शहरी सभ्यता नै होस् तर तिनको व्यवस्थापन मुख्य कुरा हो । पहिलेजस्तो खुला चउरहरू, खोलानालाहरू अहिले छैनन्। खोला कुलोमा र कुलो दुलोमा लुकेका छन्। खुला चउरहरू त कहाँ कहाँ पुगे, खोजी कसले गर्ने ? खुला स्थानकै अभावमा पाल्तु यस्ता पशुहरूको बिष्टा व्यवस्थापनचाहिँ छरछिमेकका साँध सिमाना र दैलातिर हुनु विडम्बनै हो। आमनागरिक हिँड्डुल गर्ने सडकतिर तिनका बिष्टा फ्याँकिँदा पक्कै पनि त्यसले शहरी सभ्यतालाई नै गिज्याइरहेको लाग्छ। यति मात्र होइन, कतिपयले त यसलाई व्यवसाय पनि बनाएका रहेछन् । आम्दानी पनि हुँदो हो । उसो भए त्यस्ता व्यवसायलाई विधिवत् स्थानीय सरकारहरूका निगरानीमा राखिनु राम्रो हो। तर न स्थानीय सरकारहरूले यतापट्टि ध्यान दिएका छन् न कुकुर पाल्नेहरूलाई तिनको बिष्टा व्यवस्थापनकै चाँजोपाँजो मिलाइदिएका छन् । हेर्दा सामान्यजस्तो लागे पनि कुकुर पाल्नु शहरी सभ्यता हो भने त्यसले वातावरणमा पुऱ्याउने खलबलीको व्यवस्थापन पनि गरिनुपर्ने हो। यसमा पशु अधिकारकर्मीहरूले खासै बोलेको पनि पाइएन । साँघुरो शहरी बस्तीभित्र पालिएका यसखाले पशुधनीहरूलाई स्थानीय सरकारको निगरानीमा राख्न खासै माथापच्चिसी पनि गर्नु पर्दैन । तिनलाई पञ्जीकरणको नियमनमा ल्याएर यस्ता पशुहरूको बिष्टा व्यवस्थापन गर्ने कुनै निश्चित स्थान तोक्ने वा टुंगो लगाउने र तौरतरीकाहरूको मात्र पनि निगरानी गरिदिने हो भने शहरी बसोवासमा बिग्रँदो छिमेक सम्बन्धमा पनि सुधार आउने देखिन्छ ।

- **पहिलेजस्तो खुला चउरहरू, खोलानालाहरू अहिले छैनन् । खोला कुलोमा र कुलो दुलोमा लुकेका छन् ।**
- **निर्मम तरीकाले तिनका निर्मूल गर्नुमा भन्दा पनि नियन्त्रित व्यवस्थापनपट्टि ध्यान दिनुपर्छ भने घरेलु रूपमा पालिएका पशुधनीहरूको मनोसंस्कारमा परिवर्तन ल्याउन आवश्यक छ ।**
- **कुकुर पाल्नु शहरी सभ्यता हो भने त्यसले वातावरणमा पुऱ्याउने खलबलीको व्यवस्थापन पनि गरिनुपर्छ ।**
- **घरेलु पशुहरूको व्यवस्थापन र तिनका धनीहरूलाई स्थानीय सरकारले कुनै न कुनै निगरानीमा ल्याउन जरूरी छ ।**
- **'कुकुरदेखि होशियार' हुँदै 'डग अन ड्यूटी' लेख्न रूचि राख्ने शहरवासीहरूले आफू सभ्य हुनुको परिचय यस्तै सानामसिना कुराको व्यवस्थापनबाट पनि सिक्ने बेला आएको छ ।**

अमेरिकाको न्यूयोर्कमा सन् २०१२ मा पुगेका बेला यो लेखन्तेले आँखैले देखेको कुरा यहाँ स्मरण गर्नु सान्दर्भिकै होला । त्यहाँ कुकुर साथमा लिएर घुम्न निस्कनेहरूले त्यसका बिष्टा व्यवस्थापनका लागि आवश्यक पर्ने सामग्री पनि साथमै लिएर जाँदा रहेछन् । जस्तो : पार्कतिर (त्यस शहरको बिचोबीच भागमा निकै ठूलो पार्क छ) डुलाउनेहरूका लागि ठाउँठाउँ तिनका बिष्टा व्यवस्थापनका कन्टेनर भाँडोहरू राखिएका हुँदो रहेछन्। र, तिनका पशुधनीले कबै बिष्टा गरिहाले त्यसलाई पशुधनी स्वयम्ले सोहोरेर त्यस्ता कन्टेनरमा राख्नैपर्ने रहेछ। नत्र ऊ जरीवानाको भागी बन्दो रहेछ । त्यसखाले सूचनाहरू ठाउँठाउँ लेखिएबाट यस कुराको मेसो पाइँदो रहेछ । ठीक विपरीत हामीकहाँ भने आफ्नो घरमा फोहोर हुने अरूको घरदैलोमा र सार्वजनिक बाटोघाटो सडकतिर फोहोर नहुने मनोसंस्कारको पिरलो देखियो । भुस्याहा कुकुर त शहरमा बिगबिगी नै छन् । बेलाबेला तिनलाई तह लगाउन अनेक खालका प्रयोग गरिएको देखिए पनि, (जस्तो : परिवार नियोजनको माध्यम) खोजिए पनि ती निर्मूल भने भएका छैनन् । निर्मम तरीकाले तिनको निर्मूल गर्नुमा भन्दा पनि कसरी नियन्त्रित व्यवस्थापन, छाडा होइन, गरिनेपट्टि ध्यान दिनुपर्छ भने घरेलु रूपमा पालिएका पशुधनीहरूको मनोसंस्कारमा परिवर्तन ल्याउन आवश्यक छ। अब भने स्थानीय सरकारहरूले यतापट्टि ध्यान दिनैपर्छ। कसरी हुन्छ शहरी क्षेत्रमा देखिँदै आएको यसखाले सामाजिक विसंगतिमा सुधार ल्याउन जरुरी छ । घरेलु पशुहरूको व्यवस्थापन र तिनका धनीहरूलाई स्थानीय सरकारले कुनै न कुनै निगरानीमा ल्याउन जरुरी भएको छ ।

तिनका बिष्टा व्यवस्थापन गर्न तोकिएका स्थान, तौरतरीका र जिम्मेवारीसमेतको व्यवस्थाप्रति ध्यान जानु जरुरी छ । तिनकै लागि भनेर खुल्ला स्थान त राजधानीमा अब शिला खोजे पनि पाइँदैन तर व्यवस्थापनमा केही ध्यान दिने हो भने कुनै महाभारत पनि नहोला । 'कुकुरदेखि होशियार' हुँदै 'डग अन डयुटी' लेख्न रुचि राख्ने अमुक शहरवासीहरूले आफू सभ्य हुनुको परिचय यस्तै सानामसिना कुराहरूको व्यवस्थापनबाट पनि सिक्ने बेला आएको छ । नत्र अब 'कुकुरदेखि होशियार' होइन पाल्नचाहिँ पाल्ने तर तिनको बिष्टा व्यवस्थापनमा अलिकति पनि चासो नराख्नेहरूलाई सामाजिक पहलबाटै 'कुकुरको बिष्टादेखि होशियार' पो लेख्नुपर्ने समय आएको हो कि ? भन्ने भएको छ। यसको अर्थशास्त्रको अर्थ यसरी पनि खुला ।

*प्रधान नेपाल राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक हुन् ।*

# क्याम्पिङ ट्रेकको पुनरूत्थान



**अहिले प्रविधि, पूर्वाधार र सुविधाको विकासले पर्यटकलाई सजिलो बनाएको भए तापनि यसले क्याम्पिङ जस्तो मौलिक र प्रकृतिपरक पर्यटन गतिविधिलाई विस्थापन गरिरहेको छ ।**

**- भीम पन्त**

नेपालको पर्यटकीय इतिहासको पानामा जब हामी फर्केर हेर्छौं, त्यहाँ पदयात्रा अर्थात् ट्रेकिङ एउटा महत्त्वपूर्ण अध्यायका रूपमा देखा पर्छ । विशेषगरी सन् १९५० को दशकबाट नेपालमा पदयात्राको आरम्भ भयो भने प्रारम्भिक पदयात्रा क्याम्पिङ ट्रेककै रूपमा शुरू भएको थियो। तर, पछिल्ला २ दशकमा सुविधा सम्पन्न होटेलहरूको बाढीसँगै क्याम्पिङ ट्रेक लगभग हराउन लागेको छ । यद्यपि, अन्नपूर्ण नर्थ बेस क्याम्पसम्म हालै गरिएको एउटा ऐतिहासिक क्याम्पिङ ट्रेकले फेरि यसको पुनर्जागरणको संकेत दिएको छ। जसरी अहिले क्याम्पिङ ट्रेक हराएको छ बिस्तारै पदयात्राप्रतिको विशेष आकर्षण पनि कम नहोला भन्न सकिँदैन । यसो हुनुमा अरू होइन, नेपाल आफै दोषी छ। सही र दीर्घकालीन सोचका साथ काम नगर्दा यस्तो समस्या आएको देखिन्छ।

नेपालमा पदयात्राको आधारशिला राख्ने कार्य बेलायती सेनाका कर्णेल जिम्मी रोबर्टले सन् १९६५ मा गरेका थिए । उनले स्थापना गरेको माउन्टेन ट्राभल नामक कम्पनीबाटै व्यवस्थित क्याम्पिङ ट्रेकको शुरुआत भयो। त्यो बेला ट्रेकिङ जाने पर्यटक गोठ, खर्कमा बास बसेर स्थानीय जीवनशैलीसँग नजिक भएर यात्राको आनन्द लिन्थे जसले गर्दा स्थानीयले समेत आम्दानी गर्ने अवसर पाउँथे। पर्यटक २/३ दिनका लागि नभएर लामो समयका लागि आउँथे तर अहिले पदयात्राको अवधि छोटिएको छ । होटेलहरूको विस्तारले क्याम्पिङको आवश्यकता नै पर्दैन । क्याम्पिङ ट्रेक भनेको पदयात्राको त्यस्तो शैली हो जहाँ यात्रुहरू प्राकृतिक स्थलमा टेन्ट गाडेर बस्ने गर्छन् । यो ट्रेकिङ सामान्यतया दुर्गम, पर्यटकीय सुविधाबाट टाढा रहेका ठाउँहरूमा गरिन्छ। क्याम्पिङ ट्रेकले प्राकृतिक सौन्दर्यको नजिक अनुभव गराउने, स्थानीय जीवनशैली बुझ्ने तथा आफै खाना पकाउने वा आफन्तजनसँग रमाइलो गर्ने अवसर दिन्छ।

होटेल वा लज नभएका एकान्त स्थानमा टेन्टमा बस्दा जंगल, पहाड, नदी र हिमाली सौन्दर्यको नजिकबाट अनुभव गर्न पाइन्छ। आफूले चाहेको ठाउँमा टेन्ट गाड्न सकिन्छ, जसले यात्रा कार्यक्रमलाई लचिलो बनाउँछ । स्थानीय संस्कृति र जीवनशैलीको निकटता अनुभव हुन्छ । दुर्गम गाउँहरूमा पुग्दा स्थानीय बासिन्दाको जीवनशैली बुझ्न र उनीहरूसँग अन्तरक्रिया गर्न सकिन्छ। स्वच्छ हावा, शारीरिक मेहनत र प्राकृतिक वातावरणले स्वास्थ्यमा सकारात्मक असर पार्छ । समूहमा मिलेर यात्रा गर्दा सहकार्यको भावना विकास हुन्छ, साथै खाना पकाउने र टेन्ट गाड्ने जस्ता शीपमा सुधार आउँछ। लोकप्रिय लजहोटेलहरूभन्दा कम भीड हुने भएकाले शान्त वातावरणमा यात्रा गर्न पाइन्छ। यदि स्वयं खाना, टेन्ट आदि बोकेर जान सक्ने हो भने क्याम्पिङ ट्रेक केही अवस्थामा लज ट्रेकभन्दा सस्तो पनि पर्न सक्छ । यसका लागि बढी समय लाग्ने भएकाले सरकारलाई भने फाइदा नै हुन्छ किनभने यसले पर्यटकको बसाइ अवधि बढाउँछ ।

नेपालमा अन्नपूर्ण, लाङटाङ, मनास्लु, र डोल्पाजस्ता क्षेत्रहरू क्याम्पिङ ट्रेकका लागि उपयुक्त छन्। यस्ता ट्रेकमा गाइड, पोर्टर, र खाना पकाउने स्टाफसहितको टोलीसँग यात्रा गरिन्छ। पर्यावरणमैत्री र साहसिक अनुभव चाहनेहरूका लागि क्याम्पिङ ट्रेक उत्कृष्ट विकल्प हो ।

क्याम्पिङ ट्रेक भनेको केवल हिमाल हेर्ने यात्रा होइन, त्यो प्रकृतिसँग साक्षात्कारको अवसर हो । झरनाको झरझर ध्वनि, नदीकिनारको पदचाप, हिमाली रातको तारा गन्ने क्षण अनि टेन्टभित्र स्लिपिङ ब्यागमा सुतेर बिताएको रात, यी सबैले क्याम्पिङलाई अविस्मरणीय बनाउँछन् । साथै, यो प्रणालीले धेरै रोजगारी सृजना गर्छ । भरिया, कुक, गाइड, टेन्ट लगाउने र व्यवस्थापन गर्ने कर्मचारीहरू सबैको योगदान जरुरी हुन्छ । क्याम्पिङ ट्रेक महँगो पर्छ । एक दिनका लागि १५० डलर जति लाग्न सक्छ तर अनुभव अमूल्य हुन्छ ।

क्याम्पिङ ट्रेकमा भरियाहरू डोको र ठूलाठूला झोलामा बन्दोबस्तीका सामग्री बोकेर उकालो लाग्छन् । बास बस्ने ठाउँमा कसैले टेन्ट गाड्छन् । कुकले खाना बनाउँछन्। कसैले तरकारी काट्छन् त कसैले भाँडा माझ्छन् । पर्यटकका लागि बसेर खाने ठाउँ पनि बनाउँछन् । ग्यास स्टोभमा तयार गरिएको तातोतातो खाना पर्यटकलाई खुवाउँछन् । उनीहरूले बिहान चियासँगै विभिन्न प्रकारका नास्ता, दिउँसो खाना र साँझको खाना पनि फरकफरक बनाउँछन् । सागसब्जी, अण्डा र विभिन्न परिकार बनाउन प्रयोग गरिने खाद्यपदार्थ, तरकारी, मसला पनि उनीहरूले बोकेरै लगेका हुन्छन् । यी सबैले होटेलमा बसेको भन्दा भिन्न तर विशेष अनुभूति दिन्छन् । यसरी क्याम्पिङ ट्रेक जान सजिलो भने छैन । जति दिनका लागि क्याम्पिङ जान लागेको हो, त्यत्तिकै दिन पुग्ने खाना, ग्यास, भाँडाकुँडालगायत सामान बोकेर लैजानुपर्छ । वास बस्न टेन्ट, स्लिपिङ ब्याग, प्राथमिक उपचारका औषधि पनि लैजानुपर्छ । मौसम सधैं एकनासको हुँदैन । हिमाली क्षेत्रमा पदयात्रा गर्दा कहिले हिउँ त कहिले असिना पानीले भिजाउँछ। बेजोड हावाहुरी त हिमालमा नियमित चल्ने भइहाल्यो ।

पोखराबाट अस्ट्रेलियन क्याम्प हुँदै सराङकोटतिरको चर्चित क्याम्पिङ रूट एक समयको प्रमुख गन्तव्य थियो। तर, सडक विस्तारले पदयात्रा छोटिएको छ, क्याम्पिङको आवश्यकता घटेको छ। पदमार्गमा सुविधासम्पन्न होटेलहरूको निर्माणले टेन्टमा सुत्नुपर्ने बाध्यता हटायो । फलस्वरूप पर्यटकहरू होटेल रोज्न थाले र क्याम्पिङ ट्रेकको माग घट्यो । होटेल र गेस्ट हाउसमा सस्तोमा खाना र बासको सुविधा पाउँदा पर्यटकले क्याम्पिङ जस्तो महँगो विकल्प छाड्न थाले। पहिले क्याम्पिङ ट्रेक हुँदा पर्यटक गाउँमा बस्थे, स्थानीयसँग सामान किन्थे । अहिलेको 'टी-हाउस' प्रणालीले गाउँलेको प्रत्यक्ष लाभ कम गराएको छ ।

- **राज्य, निजीक्षेत्र र स्थानीय समुदाय मिलेर अगाडि बढे भने क्याम्पिङ ट्रेक फेरि पनि नेपालको पर्यटनको गौरव बन्न सक्छ ।**
- **क्याम्पिङ ट्रेक भनेको केवल हिमाल हेर्ने यात्रा होइन, त्यो प्रकृतिसँग साक्षात्कारको अवसर हो ।**

क्याम्पिङ ट्रेकमा सहभागी पर्यटकले एक पटकको यात्रा क्रममा धेरै खर्च गर्छन्, जसको लाभ सीधै पर्यटन व्यवसायी र मजदुर वर्गमा पुग्छ । टेन्ट बसाइमा प्रयोग हुने तरकारी, दाउरा, मासु, अण्डाजस्ता सामग्री स्थानीय बजारबाट खरीद हुने भएकाले स्थानीय आर्थिक गतिविधिमा वृद्धि हुन्छ । स्थापित पदमार्ग जोगाउन क्याम्पिङ एक उपाय हो । होटेलको बाढीले पदयात्रालाई बजारजस्तो बनाउँदै लैजाँदा क्याम्पिङ प्रकृति नजिक रहने माध्यम हो ।

आवश्यक सामग्री बोकेर जानुपर्ने भएकाले ट्रेक महँगो हुन्छ। सबै ट्रेकिङ एजेन्सीहरूसँग योग्य कुक, गाइड, टेन्ट व्यवस्थापन गर्न सक्ने जनशक्ति नभए क्याम्पिङको गुणस्तर घट्न सक्छ। नेपाल सरकारले क्याम्पिङ ट्रेकको पुनरुत्थानका लागि छुट्टै रणनीति नबनाउँदा यसको प्रचारप्रसारमा कमी आएको छ।

क्याम्पिङ ट्रेकलाई एउटा पृथक् अनुभवका रूपमा अन्तरराष्ट्रिय बजारमा ब्रान्डिङ गर्न सके नेपालमा उच्च दर्जाको पर्यटक ल्याउन सकिन्छ । भीडभाडबाट टाढा रहेका पदमार्गहरू (जस्तै नार-फू, उपल्लो मुस्ताङ, मर्दी हिमाल आदि) क्याम्पिङ ट्रेकको गन्तव्य बन्न सक्छन् । क्याम्पिङमा स्थानीयलाई सहभागी गराएर ग्रामीण रोजगारीको सृजना गर्न सकिन्छ। यसले युवालाई विदेश पलायन हुनबाट रोक्ने सम्भावना पनि ल्याउँछ।

नेपालको पदयात्रा पर्यटनको शुरुआत क्याम्पिङ ट्रेकबाट भएको हो, जसले नेपाललाई विश्वका साहसिक पर्यटन गन्तव्यमध्ये एक बनायो । अहिले प्रविधि, पूर्वाधार र सुविधाको विकासले पर्यटकलाई सजिलो बनाएको भए तापनि यसले क्याम्पिङ जस्तो मौलिक र प्रकृतिपरक पर्यटन गतिविधिलाई विस्थापन गरिरहेको छ । तर अन्नपूर्ण नर्थमा गरिएको क्याम्पिङ ट्रेकले फेरि एउटा सन्देश दिएको छ- यो परम्परा पूर्णरूपमा हराएको छैन, केवल सुस्त भएको हो। समय छ फेरि जाग्ने, प्रकृतिमा फर्किने र पदयात्राको पुरानो स्वादलाई पुनर्जीवित गर्ने ।

यदि राज्य, निजीक्षेत्र, र स्थानीय समुदाय मिलेर अगाडि बढे भने क्याम्पिङ ट्रेक फेरि पनि नेपालको पर्यटनको गौरव बन्न सक्छ। र, यो गौरव केवल आम्दानी होइन, स्थानीय संस्कृतिको संरक्षण, रोजगारी सृजना र प्राकृतिक सम्पदाको जगेर्ना पनि हो । यदि प्रकृतिसँगको अन्तर्सम्बन्ध पुनःस्थापना गर्न चाहने भने 'क्याम्पिङ ट्रेक' फेरि एकपटक अग्रभूमिमा ल्याउनु अत्यावश्यक छ ।

*लेखक पर्यटन व्यवसायी हुन् ।*

# अंकित मूल्यभन्दा बढी प्रतिशेयर नेटवर्थ भएमात्र आईपीओ

काठमाडौं (अस) । लगानी कम्पनीहरूले प्रारम्भिक सार्वजनिक निष्कासन (आईपीओ) को अनुमति प्राप्त गर्न उनीहरूको प्रतिशेयर नेटवर्थ अंकित मूल्यभन्दा बढी हुनुपर्ने व्यवस्था नेपाल धितोपत्र वोर्डले गरेको छ । सामान्यतया अंकित मूल्य प्रतिशेयर १०० रुपैयाँ हुने गरेको छ । हाल बोर्डले प्रतिशेयर नेटवर्थ ९० रुपैयाँभन्दा कम भएका कम्पनीलाई आईपीओ अनुमति दिन मानेको छैन । यसो गर्न बोर्डलाई प्रतिनिधिसभा अन्तर्गतको सार्वजनिक लेखा समितिले निर्देशन दिएको थियो । जलविद्युत् कम्पनीहरूले नेटवर्थ ९० रुपैयाँभन्दा कम भए पनि

## लगानी कम्पनीलाई नयाँ व्यवस्था

आईपीओ अनुमति पाउनुपर्ने माग गर्दै आएका छन् ।

आईपीओ ल्याउने लगानी कम्पनी विगत तीन वर्ष सञ्चालनमा रही पछिल्लो दुई आर्थिक वर्षमा मुनाफा आर्जन गरेको हुनुपर्ने मापदण्ड पनि बोर्डले आइतवार सार्वजनिक गरेको छ । संगठित संस्था र लगानी कम्पनीले लगानी गर्न पाउने क्षेत्र पनि बोर्डले विस्तार गरेको छ । हाल ऊर्जा, यातायात र सञ्चार क्षेत्रमा लगानी गर्न सकिने प्रावधान रहेकोमा कृषि, पर्यटन, उत्पादन तथा प्रशोधन, सूचना प्रविधि तथा खनिज उत्खनन क्षेत्रको संगठित संस्थाको धितोपत्रमा लगानी गर्ने बाटो नयाँ मापदण्डले खोलिदिएको छ ।

संगठित संस्था र लगानी कम्पनीले ऊर्जा, यातायात, सञ्चार, कृषि, पर्यटन, उत्पादन तथा प्रशोधन, सूचना प्रविधि तथा खनिज उत्खननसँग सम्बन्धित संगठित संस्थाको संस्थापक शेयरबाहेक अन्य धितोपत्र र प्राथमिक तथा दोस्रो बजारमार्फत धितोपत्र खरीद गर्न सक्ने छैनन् । तर, योग्य संस्थागत लगानीकर्ताको रूपमा समेत कार्य गर्न बोर्डबाट अनुमति प्राप्त गरेको खण्डमा यी क्षेत्रसँग सम्बन्धित संगठित संस्थाको बुक बिल्डिङ विधिमार्फत हुने आईपीओमा मात्र योग्य संस्थागत लगानीकर्ताको रूपमा कार्य गर्न सक्ने व्यवस्था नयाँ मापदण्डमा छ ।

**बाँकी पृष्ठ १ बाट ...**

**एक वर्षभन्दा ...**

तर, यसरी आयात भएका सवारीसाधन तोकिएको विकास निर्माणको काम सम्पन्न भएपछि आयात भएकै मुलुकमा फिर्ता लग्नुपर्नेछ ।

विद्युतीय सवारीसाधन (ईभी) को हकमा विशेष व्यवस्था गरिएको छ । निर्देशिकामा ईभीको न्यूनतम ग्राउन्ड क्लियरेन्स, रेन्ज, मोटरको पिक पावर, रेटेड पावरको रेसियो, ब्याट्रीको आयु, चार्जिङ स्टेशन निर्माण, ब्याट्री व्यवस्थापन केन्द्र निर्माणलगायत मापदण्ड तोकिएको छ भने विदेशबाट आयात गरिने दुईपांग्रे मोटरसाइकल/स्कूटर र तीनपांग्रे सवारीसाधनको न्यूनतम रेन्ज कम्तीमा १०० किलोमीटर हुनुपर्ने व्यवस्था गरिएको छ ।

नेपालमा एसेम्बल गरिएका सवारीसाधनको विदेशी प्रयोगशालामा प्राविधिक परीक्षण गर्न चाहेमा उत्पादक आफैले खर्च बेहोर्ने गरी लैजान पाउने गरी कानूनी प्रबन्ध गरिँदै छ ।

परीक्षण प्रयोजनका लागि स्वीकृति लिन सम्बद्ध सवारी जडानकर्ताले विदेशस्थित सक्षम प्रयोगशाला वा संस्थाको पूरा नाम, ठेगाना, सम्पर्क फोन नम्बर, इमेल तथा मुख्य सम्पर्क व्यक्तिको नाम, ओहदा तथा सम्पर्क विवरण, प्रयोगशाला वा संस्थासँग सम्बद्ध देशमा सवारीको परीक्षण (प्रकार अनुमोदन वा उत्पादनको तादात्म्यता) सम्बन्धी कार्य गर्न सक्षम रहेको प्रमाणित हुने कागजात, प्रयोगशाला वा संस्थामा रहेका परीक्षणसम्बन्धी उपकरण तथा जनशक्तिसम्बन्धी विवरण पेश गर्नुपर्नेछ ।

त्यस्तै, प्रयोगशाला वा संस्थाले पछिल्लो १ वर्षमा प्रकार अनुमोदन वा उत्पादनको तादात्म्यता प्रमाणपत्र दिएका सवारीका मोडेलहरूको सूची, सवारी परीक्षणका लागि प्रयोशाला वा संस्थाले लिने शुल्कसम्बन्धी कोटेशन पेश गर्नुपर्नेछ । प्राप्त निवेदनउपर जाँचबुझ गर्दा विदेशस्थित प्रयोगशाला वा संस्था सवारी परीक्षण गर्न सक्षम देखिएमा विभागले सवारी जडानकर्तालाई त्यस्तो प्रयोगशाला वा संस्थामा लगी जडित सवारीको परीक्षण गराउन स्वीकृति दिनेछ ।

विभागको स्वीकृति लिई विदेशमा हुने प्राविधिक परीक्षणको प्रतिवेदन सम्बद्ध सक्षम प्रयोगशाला वा संस्थाबाट विद्युतीय (आधिकारिक इमेलमार्फत) र भौतिक रूपमा सीधै विभागमा पठाउनु पर्नेछ ।

**असारभित्र तीन ....**

२०७९ असार २८ गते सर्वसाधारणमा शेयर बाँडफाँट गरेको हिमालयन हाइड्रोपावरको ९० लाख २१ हजार ११५ कित्ता शेयरको लकइन असार २७ गते सकिने कम्पनीले जानकारी दिएको छ । हिमालयन हाइड्रोपावरको कुल कित्ता शेयरमध्ये संस्थापकसँग ८७ लाख, आयोजना प्रभावित स्थानीयसँग २ लाख ८१ हजार ७५० र कर्मचारीसँग ३९ हजार ३६५ कित्ता छ ।

अपर सोलु हाइड्रोको १ करोड १५ लाख ८१ हजार ६५० कित्ता शेयर असार २९ गतेपछि कारोबारयोग्य हुनेछ । अपर सोलुको संस्थापकतर्फको १ करोड १ लाख ९२ हजार ५००, आयोजना प्रभावित स्थानीयतर्फको १३ लाख ५० हजार र कर्मचारीतर्फको ३९ हजार १५० कित्ता शेयर ३ वर्षदेखि लकइनमा छ । अपर सोलुले सर्वसाधारणमा २०७९ असार ३० गते शेयर बाँडफाँट गरेको थियो ।

यी कम्पनीहरूसँगै अपर हेवाखोलाको ३५ लाख ३० हजार कित्ता शेयर आगामी असार ३१ गतेदेखि कारोबारयोग्य हुनेछ । यस कम्पनीको संस्थापकसँगको ३० लाख, आयोजना प्रभावित स्थानीयसँगको ५ लाख कित्ता र कर्मचारीसँगको ३० हजार कित्ता शेयर ३ वर्षदेखि लकइनमा छ । अपर हेवाखोलाले सर्वसाधारणमा २०७९ असार ३२ गते शेयर बाँडफाँट गरेको थियो ।

**इरान-इजरायल ....**

तेलमा पनि खासगरी डिजेलको मूल्य बढेमा नेपालको मुद्रास्फीति दोहोरो अंकमा पुग्न सक्ने र त्यसले समग्र अर्थतन्त्रलाई असर गर्ने अर्थविद् ज्ञानेन्द्र अधिकारीले बताए । अधिकारीका अनुसार युद्ध कति लामो समय चल्छ भन्ने कुराका आधारमा त्यसको असर आकलन गर्न सकिन्छ । अवस्था हेर्दा युद्ध केही समय लम्बिने देखिएकाले खासगरी तेलको मूल्यवृद्धिले आपूर्ति शृंखला, वैदेशिक रोजगारी, मुद्रास्फीतिजस्ता पक्षमा नेपाललाई समेत गम्भीर असर पर्न सक्ने उनले बताए ।

नेपाल राष्ट्र बैंकले हालै सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थितिसम्बन्धी प्रतिवेदन अनुसार २०८२ वैशाखमा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति २ दशमलव ७७ प्रतिशत छ । यो विगत ६२ महीनाकै सबैभन्दा न्यून मूल्यवृद्धि हो । अघिल्लो वर्षको सोही महीनामा उपभोक्ता मुद्रास्फीति ४ दशमलव ४० प्रतिशत रहेको थियो । इरान र इजरायलबीचको युद्ध चर्किएर लामो समय तेलको मूल्य वृद्धि हुने हो भने मुद्रास्फीति दोहोरो अंकमा पुग्न सक्ने खतरा रहेको अर्थविद् अधिकारी बताउँछन् । 'मुख्य गरी डिजेलको मूल्य वृद्धिले ढुवानी महँगो पर्छ । ढुवानी महँगो हुनेबित्तिकै दैनिक उपभोग्य खाद्यान्नदेखि धेरै वस्तुको मूल्य बढ्छ । तेलको मूल्य अहिले नै बढिसकेको छ,' उनले भने ।

राष्ट्र बैंकको प्रतिवेदनअुसार वैशाखमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति १ दशमलव ५२ र गैरखाद्य तथा सेवासमूहको मुद्रास्फीति ३ दशमलव ४५ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यी समूहको मुद्रास्फीति क्रमशः ६ दशमलव ४१ प्रतिशत र ३ दशमलव शून्य ९ प्रतिशत रहेको थियो । नेपालले आफ्नो इन्धन आवश्यकताको लगभग शतप्रतिशत अंश भारतमार्फत आयात गर्छ । अन्तरराष्ट्रिय बजारमा तेलको मूल्यवृद्धि हुँदा वा मध्यपूर्वमा आपूर्ति शृंखलामा अवरोध आउँदा भारतमा तेलको मूल्य बढ्छ, जसको प्रत्यक्ष असर नेपालमा पर्छ ।

व्यापारविज्ञ रविशंकर सैंजूले इन्धनको मूल्यवृद्धिले ट्रक, बस, र अन्य यातायातको भाडा बढाउने भएकाले खाद्यान्न, निर्माण सामग्री, र अन्य वस्तुको बजार मूल्य बढ्ने बताए । उनका अनुसार ढुवानी खर्च बढ्दा त्यसले आपूर्ति शृंखलामा असर गरी दैनिक उपभोग्य वस्तुको मूल्य पनि बढ्न सक्ने खतरा देखिएको छ । यसले विशेष गरी निम्न र मध्यम आय भएका परिवारलाई असर पार्न सक्ने उनले बताए ।

दुई देशबीचको युद्धले नेपालको वैदेशिक रोजगारी र विप्रेषणमा उल्लेखनीय असर पार्न सक्ने विज्ञहरूले बताएका छन् । अधिकांश नेपाली विदेशमा कार्यरत रहेका र नेपालको अर्थतन्त्र पनि विप्रेषणमा धेरै निर्भर रहेकाले दुई देशबीचको युद्धले त्यसलाई असर पार्न सक्ने अर्थविद् अधिकारी बताउँछन् ।

उनका अनुसार युद्धका कारण यी दुवै देश सहित मध्यपूर्वका अन्य देशहरू-- साउदी अरब, कतार र यूएईमा क्षेत्रीय अस्थिरता निम्तिन सक्छ, जहाँ ठूलो संख्यामा नेपाली कामदार कार्यरत छन् ।

ती देशमा कार्यरत नेपालीको काम प्रभावित भई विप्रेषण पठाउन नसकेको खण्डमा त्यसले नेपालको अर्थतन्त्रलाई असर गर्ने र स्वदेशमा बेरोजगारी निम्तिन सक्ने उनको भनाइ छ । सन् २०२३/२४ मा नेपालले करीब १४ खर्ब रुपैयाँ विप्रेषण प्राप्त गरेको थियो ।


## रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**रत्ननगर, चितवन**
**बागमती प्रदेश, नेपाल**

### सिलबन्दी बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति २०८२।०३।०९**

यस रत्ननगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय रत्ननगर, चितवनको मिति २०८२।०२।०४ को राष्ट्रिय दैनिक पत्रिकामा दोश्रो पटक प्रकाशित सिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार यस कार्यालयद्वारा सम्पादन हुन गइरहेको तपसिलको कार्यको लागि दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको वोलपत्र न्यूनतम मुल्याङ्कित तथा सारभूतरुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २(१) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि आजैका मिति देखि लागु हुने गरि ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम (भ्याट र पि.एस. सहित) |
|---|---|---|---|
| १ | Procurement of Supply of Multicrop Threshers, Combine Mill Agriculture Mixture. (RAT/CHITWAN/GOODS/SQ/09/2081-082(RE)) | श्री Shrestha Agri Inputs Pvt. Ltd, Satungal–11, Kathmandu. | रु. १७,०४,०००।- (सत्र साख चार हजार मात्र ।) |

**प्रमुख प्रशासकीय अधिकृत**



## नबिल बैंक लिमिटेड, कर्सिया शाखा, मोरङको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

**(प्रकाशित मितिः २०८२/०३/०९)**

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणीले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्वन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८१/०५/२१ को कारोबार दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरे को हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्सिया शाखा, मोरङ**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने ब्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ ।

**तपसिल**

**ऋणी फर्म र फर्मको प्रोपाईटरको नाम र ठेगानाको विवरण**

ऋणी फर्मः प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, वाणिज्य कार्यालय, विराटनगरमा मिति २०७२/०५/०४ मा प्रा.फ.र.नं. २७४७७ अन्तर्गत दर्ता भएको **खुसी खाध्यान्न खरिद विक्रि केन्द्र ।**
ठेगानाः मोरङ जिल्ला, रंगेली न.पा. वडा नं. ०५, मोरङ ।

**ऋणी फर्मका प्रोपाईटरको नाम र ठेगानाको विवरणः**
घलाङ्ग राजवंशीको नाति, इन्द्र लाल राजवंशीको छोरा, मोरङ जिल्ला, दर्वेशा गा.वि.स. वडा नं. ०५ स्थायी घर भई हाल मोरङ्ग जिल्ला, रंगेली न.पा. वडा नं. ०९ बस्ने, ना.प्र.नं. १६१५८-८९७ (जारी मितिः २०६०/०५/२६, स्थानः मोरङ) भएका **बेचन लाल राजवंशी ।**

**व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

परसन लाल राजवंशीकी छोरी, इन्द्र लाल राजवंशीकी बुहारी, बेचन लाल राजवंशीकी श्रीमती, मोरङ जिल्ला, सोराभाग गा.वि.स. वडा नं. ०९ स्थायी घर भई हाल मोरङ्ग जिल्ला, रंगेली न.पा. वडा नं. ०९ बस्ने, ना.प्र.नं. २०२९७/२७ (जारी मितिः २०६१/१२/०७, स्थानः मोरङ) भएकी **फुलवती कुमारी राजवंशी ।**

**धितोको विवरण**

मोरङ जिल्ला, दर्वेशा गा.वि.स. वडा नं. ०५ स्थायी घर भई हाल मोरङ्ग जिल्ला, रंगेली न.पा. वडा नं. ०९ बस्ने, **बेचन लाल राजवंशी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मोरङ जिल्ला, दर्वेशा गा.वि.स. वडा नं. ०५ नक्सा सिट नं. ५क मा अवस्थित कि.नं. क्रमशः १३२३, ६४०, ४७०, ४७६, २७१ र १०७९ क्षेत्रफल क्रमशः ०-२-१-०, ०-०-१५-०, ०-१२-५१/२-०, १-१-२१/२-०, ०-१-५-० र ०-०-४-० विघा घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा वा **कर्सिया शाखा, मोरङ** बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र अर्थात मिति २०८२/०३/२३ गते ३:०० बजे भित्र यस बैंकको **कर्सिया शाखा, मोरङ**मा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/०३/२४ गते ३:०० बजे बैंकको **कर्सिया शाखा, मोरङ**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोल कबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षर मा स्पष्टसंग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलामसम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्रउपर कुनै कारवाही हुने छैन ।
११. लिलामबिक्री गरिने सम्पत्तिको बारेमा थपजानकारी आवश्यक परेमा यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं** वा **कर्सिया शाखा, मोरङ**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१



## हिमालयन बैंक लिमिटेडको धितोमा रहेको चल अचल सम्पत्ति शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रिको ७ दिने सूचना

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट विभिन्न कर्जा शिर्षक अन्तर्गत लिनुभएको ऋणको यस बैंकसंग गरेको सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने, साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दैदस्तुर आदि चुक्ता भूक्तान गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गरिएको एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ ले दिएको अधिकार प्रयोग गरी विभिन्न मितिमा राष्ट्रिय दैनिकमा ३५(पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋण चुक्ता गर्न आउन सुचित गर्दा समेत ऋण चुक्ता गर्न नआउनु भएकोले, बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरुलाई बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपुर्वक भरी बोलपत्रमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र बैंकको तपसिलमा उल्लेखित स्थानमा प्राप्त हुने गरी गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिन्छ । साथै ऋणी, ऋणी कम्पनी, सोका संचालक, व्यक्तिगत जमानतकर्ता तथा संस्थागत जमानीकर्ता एवम सम्बद्ध सबैलाई धितो दिएको सम्पत्ति लिलाम बिक्री हुने व्योहोरा यसै सूचनाद्धारा सुचित गरिन्छ । प्रकाशित सूचनाको म्यादभित्र ऋणी, ऋणी कम्पनी, सोका संचालक, व्यक्तिगत तथा संस्थागत जमानतकर्ताले ऋण चुक्ता गर्न नआए धितो लिलामीको प्रक्रिया अगाडि बढाइनेछ । बोलपत्र खोलिने दिन ऋणी बोलपत्रदाता उपस्थित नभए पनि बोलपत्र खोली धितो लिलाम बिक्रिको प्रकृया अगाडि बढाउन कुनै बाधा पर्ने छैन । साथै बोलपत्र प्राप्त भई वा नभई धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानुनको अधिनमा रही बैकले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । धितोको सम्पत्ति लिलाम भई वा नभई वा गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार भई वा नभई बैंकको लेना रकम असुल उपर हुन नसके बाँकी रहेको रकम बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ तथा अन्य प्रचलित नेपाल कानुन बमोजिम असुलीको कारबाही अगाडी बढाउने व्यहोरा समेत पूर्वजानकारीको लागि सुचित गरिन्छ ।

**तपसिल**

| ऋणी/ऋणीहरुको विवरण | धितोको विवरण |
|---|---|
| **शाखा कार्यालय : लम्की शाखा, कैलाली** | |
| १. वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, धनगढी, कैलालीमा फ.र.नं. २८२८१/०७६/७७, स्थानीय व्यापार कायम भई मिति २०७६/१०/२७ मा दर्ता भएको **ॐ रामु ट्रेडर्स (ऋणि)**<br>**प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने:**<br>**सन्तोष कुमार चौधरी**<br>**व्यक्तिगत जमानी दिने:**<br>**बजारी लाल डगौरा**<br>**पुष्पा देवी चौधरी** | १. रामु डगौराको नाति, बजारीलाल डगौराको छोरा कैलाली जिल्ला बौनिया गा.वि.स. वडा नं. ३ (हाल परिवर्तित जोशीपुर गा.पा. वडा नं. ५) बस्ने **सन्तोष कुमार चौधरीको** नाममा दर्ता कायम रहेको कैलाली जिल्ला सिमराना गा.वि.स. वडा नं. १ (हाल परिवर्तित जोशीपुर गा.पा. वडा नं. ५) स्थित कित्ता नं. ३७७ को क्षेत्रफल ०–३–१३–० (विघा) जग्गा समेत ।<br>२. रोइना डगौराको नाति, रामु डगौराको छोरा कैलाली जिल्ला बौनिया गा.वि.स. वडा नं. ३ (हाल परिवर्तित जोशीपुर गा.पा. वडा नं. ५) बस्ने **बजारी लाल डगौराको** नाममा दर्ता कायम रहेको कैलाली जिल्ला सिमराना गा.वि.स. वडा नं. १ (हाल परिवर्तित जोशीपुर गा.पा. वडा नं. ५) स्थित कित्ता नं. ५५५ को क्षेत्रफल ०–३–२–० (विघा) जग्गा समेत । |
| २. बजारीलाल डगौराको बुहारी राम प्रसाद चौधरीको छोरी सन्तोष कुमार चौधरीको पत्नी कैलाली जिल्ला बौनिया गा.वि.स. वडा नं. ३ (हाल परिवर्तित जोशीपुर गा.पा. वडा नं. ५) बस्ने **पुष्पा देवी चौधरी (ऋणि)**<br>**व्यक्तिगत जमानी दिने: सन्तोष कुमार चौधरी, बजारी लाल डगौरा**<br>**यसअघि प्रकाशित सुचना:**<br>मिति २०८१।०९।११ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा ३५ दिने सार्वजनिक सुचना ।<br>मिति २०८२।०१।३० को नागरिक राष्ट्रिय दैनिकमा १५ दिने धितो लिलाम बिक्रीको सुचना । | **ऋणि पुष्पा देवी चौधरीको** नाममा दर्ता कायम रहेको कैलाली जिल्ला मुढ्दि गा.वि.स. वडा नं. ३ (हाल परिवर्तित जोशीपुर गा.पा. वडा नं. १) स्थित कित्ता नं. १३५८ को क्षेत्रफल ०–०–८–० (विघा) घर/जग्गा समेत । |
| **शाखा कार्यालय : पनौती शाखा, काभ्रेपलान्चोक** | |
| १. घरेलु तथा साना उद्योग कार्यालय धुलिखेल, काभ्रेपलान्चोकमा प्रा.फ.र.नं.: १९६६/०६९/७०, स्थानीय व्यापार कायम भई मिति २०६९/०९/०५ मा दर्ता भएको **लक्ष्मी अटो ग्रुप (ऋणी)**<br>**प्रोप्राइटर तथा व्यक्तिगत जमानतकर्ता: सेवक बुढाथोकी**<br>**व्यक्तिगत जमानतकर्ता: निरा प्रधान र सुन्तली बुढाथोकी**<br>२. कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. २२१९३०/०७६/०७७ कायम भइ मिति २०७६/०५/०४ मा दर्ता भएको **लक्ष्मी व्हील्स प्रा.लि. (ऋणी)**<br>**संचालक तथा व्यक्तिगत जमानतकर्ता: सेवक बुढाथोकी**<br>**व्यक्तिगत जमानतकर्ता: निरा प्रधान र सुन्तली बुढाथोकी**<br>**यसअघि प्रकाशित सूचना:**<br>मिति २०८१।०५।२७ गतेको कारोवार राष्ट्रिय दैनिकमा ३५ दिने सूचना ।<br>मिति २०८१।०७।२६ को नागरिक राष्ट्रिय दैनिकमा १५ दिने धितो लिलाम बिक्रीको सूचना ।<br>मिति २०८१।०९।०५ को नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा ७ दिने धितो लिलाम बिक्रीको सूचना ।<br>मिति २०८१।१०।२४ को आर्थिक अभियान राष्ट्रिय दैनिकमा ७ दिने धितो लिलाम बिक्रीको सूचना ।<br>मिति २०८२।०२।२८ को कारोबार राष्ट्रिय दैनिकमा ७ दिने धितो लिलाम बिक्रीको सूचना । | मुरली बुढाथोकीको बुहारी तुल बहादुर खत्रीको छोरी बाल कृष्ण बुढाथोकीको पत्नी काभ्रेपलान्चोक जिल्ला नासिकास्थान साँगा गा.वि.स. वडा नं. २ (हाल परिवर्तित बनेपा न.पा वडा नं. १३) बस्ने **सुन्तली बुढाथोकीको** नाममा दर्ता कायम रहेको काभ्रे जिल्ला नासिकास्थान साँगा गा.वि.स. वडा नं १ (हाल परिवर्तित बनेपा न.पा. वडा नं. १३) स्थित कित्ता नं. २८५२ क्षेत्रफल ०–८–०–० (रोपनी) जग्गा समेत । |
| **शाखा कार्यालय : शितलाबजार शाखा, बर्दिया** | |
| घरेलु तथा साना उद्योग विभाग, बर्दियामा प्रा.फा.र.नं. ८/२१७६/०७२/०७३ कायम भइ मिति २०७२/०४/०६ मा दर्ता भएको **नुरी इटा उद्योग (ऋणी)**<br>**प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने: नइमुद्दिन खाँ**<br>**व्यक्तिगत जमानी दिने: फातमा खां, हसिम खाँ**<br>**यसअघि प्रकाशित सूचना:**<br>मिति २०८०।०४।११ को कारोबार राष्ट्रिय दैनिकमा ३५ दिने सार्वजनिक सूचना । | हिमालयन बैंक लि. धनि र **नुरी इटा उद्योग ऋणी** कायम भई दर्ता भएको बागमती प्रदेश ०१-०२६ च ०३७५ को इन्जिन नं. E094584 चेसिस नं. MDHFBADDOM8028804 को Nissan Magnite XV. |

**बोलपत्रका शर्तहरू :**
१. बोलपत्र फारम यस बैंकको तपसिलमा उल्लेखित शाखाबाट, कार्यालय समयभित्र खरिद गरी लिन सकिनेछ ।
२. बोलपत्र सम्बन्धी शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

| बोलपत्र पेश गर्ने अन्तिम मिति र समय | बोलपत्र खोलिने मिति र समय | बोलपत्र पेश गर्ने स्थान | बोलपत्र खोलिने स्थान |
|---|---|---|---|
| २०८२/०३/१५ कार्यालय समय सम्म | २०८२/०३/१७ उपरान्ह २:०० बजे | सम्वन्धित शाखा, कार्यालय | सम्वन्धित शाखा, कार्यालय |

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

**हिमालयन बैंक लि. केन्द्रीय कार्यालय**
**कर्जा असुली विभाग, कमलादी, काठमाडौं**
**फोन नं. ०१-४१६९१५०, पो.ब.नं. २०५९० काठमाडौं**

## आगामी साधारणसभा

| क्र.सं. | कम्पनीको नाम | आर्थिक वर्ष | स्थान | मिति | समय | प्रस्तावित लाभांश (%) | | अन्य प्रस्ताव | बुक क्लोज |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | बोनस | नगद | | |
| १ | दिव्यश्वरी हाइड्रोपावर लिमिटेड | २०७९/८०, २०८०/८१ | अन्नपूर्ण पार्टी भेन्यू, मैतीदेवी सेतोपुल, काठमाडौं | असार ९ | १:०० | | | शतप्रतिशत हकप्रद शेयर जारी गर्ने, सञ्चालकको नियुक्ति, वार्षिक प्रतिवेदनहरू पारित गर्ने | जेठ ८ |
| २ | हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड | २०८०/८१ | आम्रपाली ब्याङ्क्वेट, भाटभटेनी, काठमाडौं | असार १० | १०:३० | | ८ | वार्षिक प्रतिवेदन पारित गर्ने | जेठ २८ |
| ३ | बेष्ट फाइनान्स कम्पनी लिमिटेड | २०८०/८१ | नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौं | असार १८ | ११:०० | | | सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | जेठ २५ |
| ४ | मोदी ईनर्जी लिमिटेड | विशेष | रानी महल ब्याङ्क्वेट, ज्ञानेश्वर, काठमाडौं | असार १९ | ११:०० | | | शतप्रतिशत हकप्रद शेयर निष्कासन गर्ने, सञ्चालकको नियुक्ति | असार १२ |
| ५ | शुभम पावर लिमिटेड | २०७९/८०, २०८०/८१ | लर्ड पार्टी भेन्यू, धुम्बाराही, काठमाडौं | असार २० | १०:०० | | | सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदनहरू पारित गर्ने | असार ६ |
| ६ | सयपत्री हाइड्रोपावर लिमिटेड | २०८०/८१ | ज्योति ब्याङ्क्वेट एण्ड इभेन्ट म्यानेजमेन्ट, मैजुबाहल, कुमारीगाल, काठमाडौं | असार २१ | ८:०० | | | शतप्रतिशत हकप्रद शेयर जारी गर्ने, वार्षिक प्रतिवेदन पारित गर्ने | असार ९ |
| ७ | ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | कम्पनीको प्रधान कार्यालय, बुटवल | असार २८ | ११:०० | | | समाज लघुवित्त वित्तीय संस्थासँगको मर्जर प्रस्ताव पारित गर्ने, वार्षिक प्रतिवेदन पारित गर्ने | असार १५ |
| ८ | लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड | २०८०/८१ | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर | असार ३० | ११:४५ | १० | ०.५२६३१६७९ | सञ्चालकको निर्वाचन/नियुक्ति, वार्षिक प्रतिवेदन पारित गर्ने | असार १६ |
| ९ | अभियान लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | ताम्राकार पार्टी भेन्यू, पनौती, काभ्रेपलाञ्चोक | असार ३० | १२:३० | | | सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | असार १६ |

### नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका लगानी समूहका कम्पनीहरू

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | बिक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | बरूण इन्भेष्टमेण्ट लिमिटेड | २,४७५,००० | १०० | ग्लोबल आइएमई क्यापिटल लिमिटेड | २०८० पुस २५ |
| २ | सिड इनर्जी लिमिटेड | २,४७५,३७५ | १०० | एनएमबि क्यापिटल लिमिटेड | २०८० चैत ४ |
| ३ | शिवम होल्डिङ्गस लिमिटेड | ११,६००,००० | २१० | सिद्धार्थ क्यापिटल लिमिटेड | २०८१ जेठ २९ |

### नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका होटल तथा पर्यटन समूहका कम्पनीहरू

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | बिक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | होटल फरेष्ट इन लिमिटेड | ९,८००,००० | १०० | एन आई सी एशिया क्यापिटल लिमिटेड | २०८० कात्तिक १५ |
| २ | बन्दीपुर केबलकार एण्ड टुरिजम लि. | ५,८६०,००० | १०० | नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लिमिटेड | २०८१ जेठ २२ |
| ३ | अकामा होटल लिमिटेड | ४,५००,००० | ५० | सानिमा क्यापिटल लिमिटेड | २०८१ असार २६ |
| ४ | वर्नवास म्यूजियम होटल लिमिटेड | ३,९६०,००० | १०० | हिमालयन क्यापिटल लिमिटेड | २०८१ फागुन ९ |
| ५ | माउण्टेन ग्लोरी लिमिटेड | ४,०००,००० | १०० | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड | २०८१ चैत २६ |

# मौद्रिक नीतिका लागि शेयर लगानीकर्ता संघले बुझाए सुझाव

काठमाडौं (अस) । शेयर बजारका लगानीकर्ता संघहरूले आगामी मौद्रिक नीतिका लागि नेपाल राष्ट्र बैंक समक्ष संयुक्त सुझाव पेश गरेका छन् । अग्रज लगानीकर्ता छोटेलाल रौनियार, शेयर लगानीकर्ता संघ नेपालका कार्यवाहक अध्यक्ष ताराप्रसाद फुल्लेल, पूँजीबजार लगानीकर्ता संघका महासचिव एसपी चौलागाईं र स्वतन्त्र पूँजीबजार लगानीकर्ता संघका अध्यक्ष डिल्लीश्वर कार्की (रोहन)ले आइतवार राष्ट्र बैंक समक्ष संयुक्त रूपमा सुझाव बुझाएका हुन् ।



लगानीकर्ताहरूले व्यक्तिगत धितोकर्जाको १५ करोड रुपैयाँसम्मको सीमा पूर्ण रूपमा खारेज गर्न माग गरेका छन् । यसले लगानीकर्ताको पहुँच बढ्ने भनाइ लगानीकर्ताहरूको छ । उनीहरूले लघुवित्त कम्पनीहरूमा रहेको लाभांश वितरणको 'क्याप' हटाउन आग्रह गरेका छन् । लघुवित्त कम्पनीहरूलाई १५ प्रतिशतभन्दा बढी लाभांश वितरण गर्दा विभिन्न जगेडा कोष खडा गर्नुपर्ने अवस्थामा खुला अर्थनीतिको सिद्धान्त विपरीतको नीति रहेको ठहर गर्दै लगानीकर्ताहरूले त्यसका लागि स्वतन्त्र छोड्नुपर्ने माग गरेका हुन् ।

बैंक तथा वित्तीय संस्थाहरूले आफ्नो प्राथमिक पूँजीको पूँजी बराबर लगानी गर्ने सीमालाई परिमार्जन गरी बैंक तथा वित्तीय संस्था ऐन, २०७३ मा व्यवस्था भए बमोजिम सीमा कायम गराउन लगानीकर्ताहरूले सुझाव दिएका छन् । गैरआवासीय नेपालीले नेपालको पूँजीबजारमा लगानी गर्ने वातावरण बनाउन पनि लगानीकर्ताले राष्ट्र बैंक समक्ष माग गरेका छन् ।

उनीहरूले हालको विद्यमान कानूनी व्यवस्थाले नाफा पुनः फिर्ता लैजान नसक्ने अवस्था रहेको भन्दै सो जटिलतालाई परिमार्जन गरी गैरआवासीय नेपालीलाई नेपालको समग्र अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने गरी आवश्यक लगानीको वातावरण सृजना गर्नुपर्ने माग गरेका छन् ।

# मर्जर प्रस्ताव पारित गर्दै ग्रामीण विकास लघुवित्त

काठमाडौं (अस) । ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेडले असार २८ गते दशौं वार्षिक साधारणसभा बोलाएको छ ।

असार ५ गते बसेको कम्पनीको सञ्चालक समितिको बैठकले कम्पनीको केन्द्रीय कार्यालय बुटवल र भर्चुअल माध्यमबाट बिहान ११ बजे सभा गर्ने निर्णय गरेको हो ।

सभाले गत आर्थिक वर्षको वार्षिक प्रतिवेदन सहितका वित्तीय विवरणहरू पारित गर्नुका साथै चालू आर्थिक वर्षको लागि लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारणको विषय टुंग्याउनेछ । समाज लघुवित्त वित्तीय संस्थासँगको मर्जर प्रस्तावलाई समेत सभाले स्वीकृति प्रदान गर्नेछ । यी दुई कम्पनी समान अनुपातमा मर्जरमा जान लागेका हुन् । मर्जरका लागि आवश्यक सम्पूर्ण कामको जिम्मेवारी सञ्चालक समितिलाई दिने निर्णय पनि सभाले गर्नेछ ।

साधारणसभा प्रयोजनका लागि कम्पनीले असार १५ गते एक दिन बुक क्लोज गर्न लागेको छ । बुक क्लोजको आधारमा असार १२ गतेसम्म कायम शेयरधनीहरू मात्र सभामा भाग लिन सक्नेछन् ।

# असार २५ गतेदेखि हकप्रद शेयर निष्कासन गर्दै एशियन लाइफ

काठमाडौं (अस) । एशियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले असार २५ गतेदेखि हकप्रद शेयर निष्कासन गर्ने भएको छ ।

कम्पनीले हाल कायम चुक्तापूँजीको आधारमा ४२ प्रतिशत हकप्रद शेयर निष्कासन गर्न लागेको हो । कम्पनीले प्रतिशेयर १०० रुपैयाँ अंकित मूल्यका १ अर्ब ४२ करोड ७९ लाख ३१ हजार २४८ रुपैयाँ बराबरको १ करोड ४२ लाख ७९ हजार ३१२ दशमलव ४८ कित्ता हकप्रद शेयर निष्कासन गर्नेछ ।

हकप्रद शेयर निष्कासन प्रयोजनका लागि कम्पनीले जेठ १६ गते एक दिन बुक क्लोज गरिसकेको छ । बुक क्लोजको आधारमा जेठ १५ गते सार्वजनिक बिदा परेकाले जेठ १४ गतेसम्म कायम शेयरधनीले मात्र हकप्रद शेयर खरीदका लागि आवेदन दिन सक्नेछन् । यही आधारमा योग्य शेयरधनीले साउन १३ गतेसम्म हकप्रद शेयर खरीदका लागि आवेदन दिन सक्नेछन् ।

हकप्रद शेयर निष्कासन तथा विक्री प्रबन्धकमा मुक्तिनाथ क्यापिटल लिमिटेड रहेको छ । हाल कम्पनीको चुक्तापूँजी ३ अर्ब ३९ करोड ९८ लाख ३६ हजार रुपैयाँ छ । हकप्रद शेयर निष्कासन तथा बाँडफाँटपछि कम्पनीको चुक्तापूँजी ४ अर्ब ८२ करोड ७७ लाख ६७ हजार रुपैयाँ पुग्नेछ ।

# अभियान लघुवित्तले बोलायो साधारणसभा

काठमाडौं (अस) । अभियान लघुवित्त वित्तीय संस्था लिमिटेडले असार ३० गते पाँचौं वार्षिक साधारणसभा गर्ने भएको छ । असार ७ गते बसेको कम्पनीको सञ्चालक समितिको बैठकले ताम्राकार पार्टी भेन्यू, पनौती काभ्रेपलाञ्चोकमा अपराह्न १२:३० बजे सभा गर्ने निर्णय गरेको हो ।

अन्य कुनै लघुवित्त वित्तीय संस्थासँग मर्जर तथा प्राप्तिमा जाने भएमा त्यसको सम्पूर्ण जिम्मेवारी सञ्चालक समितिलाई दिने निर्णय पनि सभाले गर्नेछ । यी सँगै संस्थापक समूहबाट प्रतिनिधित्व गर्ने चार जना सञ्चालकको निर्वाचन गर्ने कार्यक्रम समेत सभाका लागि तय भएको छ । साधारणसभा प्रयोजनका लागि कम्पनीले असार १६ गते एक दिन बुक क्लोज गर्न लागेको छ । बुक क्लोजको आधारमा असार १५ गतेसम्म कायम शेयरधनीहरू मात्र सभामा भाग लिन सक्नेछन् ।

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

को

## तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

**(प्रकाशित मिति २०८२/०३/०९ गते)**

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज र हर्जाना ब्याज रकम बुझाउने तथा कर्जा नवीकरण गर्ने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणीहरु, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरुप बैंकलाई दिएको चल-अचल सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने ब्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

**शाखा कार्यालय: ट्राफिकचोक, बिराटनगर, मोरङ्ग**

**ऋणीको विवरण**

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौमा कम्पनी ऐन २०७३ बमोजिम मिति २०७२/११/१८ मा दर्ता नं १४६०५०/०७२/०७३ कायम भई दर्ता भएको मोरङ्ग जिल्ला, सुन्दर-दुलारी न.पा. वडा नं. ११, स्थित **गोकर्ण रिर्सोट एण्ड पार्टी प्यालेस प्रा. लि.**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. छबिलाल आचार्य को बुहारी, रमेश आचार्यकोको पत्नी, झापा जिल्ला, खजुरगाछी गा.वि.स./उ.म.न.पा. वडा नं. ३ स्थित स्थायी ठेगाना भएको **उमा देवी राय (ना.प्र.नं. ५६९, झापा )**

२. काशीनाथ आचार्यको नाति, छबिलाल आचार्यको छोरा, मोरङ्ग जिल्ला, महादेवा गा.वि.स. वडा नं. ३ स्थित स्थायी ठेगाना भएको **रमेश आचार्य (ना.प्र.प.नं. ११६४१/१९, मोरङ्ग)**

३. छबिलाल आचार्यको नातीनी, रमेश आचार्यको छोरी, मोरङ्ग जिल्ला, सुन्दर-दुलारी न.पा. वडा नं. ११ स्थित स्थायी ठेगाना भएको **सबिना आचार्य (ना.प्र.नं. ०५-०१-७३-००३०६, मोरङ्ग)**

**शाखा कार्यालय: बिब्ल्याटे, इलाम**

**१. ऋणीको विवरण**

मान बहादुर घिमिरेको नाति, प्रेम कुमार घिमिरेको छोरा, इलाम जिल्ला, बरवोटे गा.वि.स वडा नं. ४, स्थित स्थायी ठेगाना भएको **लक्ष्मण घिमिरे (ना.प्र.प.नं.: ७२८, इलाम )**

**व्यक्तिगत जमानतकर्ताको विवरण**

प्रेम कुमार घिमिरेको बुहारी, लक्ष्मण घिमिरेको पत्नी, झापा जिल्ला, बुधबारे गा.वि.स./उ.म.न.पा. वडा नं. १, स्थित स्थायी ठेगाना भएको **गीता देवी आचार्य (ना.प्र.प.नं.: ०४३००८/१६७०, झापा)**

**२. ऋणीको विवरण**

अजिर मान राईको नाति, छत्र मान राईको छोरा, इलाम जिल्ला, माईपोखरी गा.वि.स वडा नं. ३, स्थित स्थायी ठेगाना भएको **योगेश राई (ना.प्र.प.नं.: ०३-०१-७१-०२८७५, इलाम )**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. खड्ग बहादुर राईको नाति, अजिर मान राईको छोरा, इलाम जिल्ला, माईपोखरी गा.वि.स वडा नं. ३, स्थित स्थायी ठेगाना भएको **छत्र मान राई (ना.प्र.प.नं.: ४८४-३८४, इलाम )**

२. अजिर मान राईको बुहारी, छत्र मान राईको पत्नी इलाम जिल्ला, माईपोखरी गा.वि.स वडा नं. ३, स्थित स्थायी ठेगाना भएको **शुकमाया राई (ना.प्र.प.नं.: ०३०३४३/२७१, इलाम )**

३. अजिर मान राईको नाति, छत्र मान राईको छोरा, इलाम जिल्ला, इलाम न.पा. वडा नं. ४, स्थित स्थायी ठेगाना भएको **विक्रम राई (ना.प्र.प.नं.: ०३-०१-७४-०१४७३, इलाम )**

४. अजिर मान राईको नाति, छत्र मान राईको छोरा, इलाम जिल्ला, माईपोखरी गा.वि.स वडा नं. ३, स्थित स्थायी ठेगाना भएको **प्रकाश राई (ना.प्र.प.नं.: ०३-०१-७२-०१५३८, इलाम )**

**३. ऋणीको विवरण**

बुद्धिमान लिम्बुको नाति, जगत बहादुर लिम्बुको छोरा , इलाम जिल्ला, बरबोटे गा.वि.स वडा नं. ३, स्थित स्थायी ठेगाना भएको **मोहन कुमार लिम्बु (ना.प्र.प.नं.: ०३-०१-७१-०१०३३, इलाम )**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. मान ध्वज लिम्बुको नाति, बुद्धिमान लिम्बुको छोरा, इलाम जिल्ला, बरबोटे गा.वि.स वडा नं. ३, स्थित स्थायी ठेगाना भएको **जगत बहादुर लिम्बु (ना.प्र.प.नं.: १७३८९/१९१९, इलाम )**

२. बुद्धिमान लिम्बुको नाति, जगत बहादुर लिम्बुको छोरा , इलाम जिल्ला, बरबोटे गा.वि.स वडा नं. ३, स्थित स्थायी ठेगाना भएको **पुष्प लिम्बु (ना.प्र.प.नं.: ०३-०१-७२-०३०९१, इलाम )**

३. जगत बहादुर लिम्बुको बुहारी, मोहन कुमार लिम्बुको पत्नी, इलाम जिल्ला, इलाम न.पा. वडा नं. ५, स्थित स्थायी ठेगाना भएको **लक्ष्मी तुम्बापो (ना.प्र.प.नं ०३-०१-७९-०४०९७ इलाम )**

४. धनशेर राईको नाति, सोवित मान राईको छोरा, इलाम जिल्ला, बरबोटे गा.वि.स वडा नं. ३, स्थित स्थायी ठेगाना भएको **प्रेम कुमार राई (ना.प्र.प.नं.: ०३-१-०३७-८९०१२, इलाम )**

**४. ऋणीको विवरण**

**रंगलाल पोख्रेलको नाति, याम प्रसाद पोख्रेलको छोरा , इलाम जिल्ला, सुम्बेक गा.वि.स वडा नं. ८, स्थित स्थायी ठेगाना भएको मोहन राज पोख्रेल (ना.प्र.प.नं.: ५५६७५-९४, इलाम )**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. याम प्रसाद पोख्रेलको बुहारी, मोहन राज पोख्रेलको पत्नी, इलाम जिल्ला, सुलुवुङ गा.वि.स./उ.म.न.पा. वडा नं. २, स्थित स्थायी ठेगाना भएको **होमा देवी सुवेदी (ना.प्र.प.नं ७०५२८/२४३ इलाम )**

२. रंगलाल पोख्रेलको बुहारी, याम प्रसाद पोख्रेलको पत्नी, इलाम जिल्ला, सुम्बेक गा.वि.स वडा नं. ८, स्थित स्थायी ठेगाना भएको **झम्क कुमारी पोखरेल (ना.प्र.प.नं.: ३९१/१४८३, इलाम )**

## नबिल बैंक लिमिटेड, इटहरी शाखा, सुनसरीको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**(प्रकाशित मिति : २०८२/०३/०९)**

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ । साथै, सवारी साधनको हकमा उक्त सवारी साधन बैंकको नाममा दर्ता रहेको र सो सवारी साधनको स्वामित्व बैंकमा रहेकोले कसैले अनधिकृत रुपमा प्रयोग गरिरहनुभएको छ भने यथासिघ्र बैंकमा बुझाउनु होला । अन्यथा अनधिकृत रुपमा बैंकको सवारी प्रयोग गर्नु भए उपर प्रचलित कानून बमोजिम कारवाही गर्न बैंक बाध्य हुने समेत जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

**तपसिल**

१

**ऋणी कम्पनीको नाम र ठेगानाको विवरण**

प्राइभेट लिमिटेड कम्पनी ऐन, २०५३ बमोजिम श्री ५ को सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, सुनसरी मिति २०६१/०४/१३ मा दर्ता नं. २९७८८/०६१/०६२ अन्तर्गत दर्ता भएको **धरान डेरी फुड प्रोडक्ट प्रा. ली. ।**
ठेगानाः सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं.०३, ।

**ऋणी कम्पनीको संचालक तथा ब्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

१. कृष्ण प्रसाद श्रेष्ठको नाति, बम बहादुर श्रेष्ठको छोरा सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं.०६, स्थायी घर भई हाल सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं.१६मा बस्ने, ना.प्र.नं. १३४९५/८४७८/३००० (जारी मितिः २०४१/०७/०३, स्थानः सुनसरी) भएको **कमलेश कुमार श्रेष्ठ ।**
२. बल बहादुर श्रेष्ठकी छोरी, बम बहादुर श्रेष्ठकी बुहारी, कमलेश कुमार श्रेष्ठकी श्रीमती, झापा जिल्ला, पाँचगाक्षी गा.वि.स. वडा नं. ०१ स्थायी घर भई हाल सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं.१६मा बस्ने, ना.प्र.नं. ६९१२०५०९ (जारी मितिः २०४३/०९/२०, स्थानः सोलुखुम्बु) भएकी **नरबदा कुमारी श्रेष्ठ ।**
३. बम बहादुर श्रेष्ठको नाति, कमलेश कुमार श्रेष्ठको छोरा सुनसरी जिल्ला, धरान न.पा. वडा नं.०६, स्थायी घर भई हाल सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं.१६मा बस्ने, ना.प्र.नं. २४१५६/१५७२५/०४४ (जारी मितिः २०६१/०६/०५, स्थानः सुनसरी) भएको **अतित श्रेष्ठ ।**

**धितोको विवरण**

१. सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं.०६, स्थायी घर भई हाल सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं.१६मा बस्ने, **नरबदा कुमारी श्रेष्ठ**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं.०६, हाल सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं.०८ मा अवस्थित कि.नं. ४५८ र ४५९ क्षेत्रफल क्रमशः ०-०-६.६२-० र ०-०-०.२५-० बिघा घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
२. सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं.०६, स्थायी घर भई हाल सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं.१६मा बस्ने, **कमलेश कुमार श्रेष्ठ**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सुनसरी जिल्ला घोपा गा.वि.स. वडा नं.०५ ख, हाल सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं.१६ मा अवस्थित कि.नं. ७६१ क्षेत्रफल ०-०-१९.५०-० बिघा घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

२

**ऋणीको नाम र ठेगानाको विवरण**

रेशम लाल भुसालकाको नाति, हुमनाथ भुसालको छोरा, रुपन्देही जिल्ला केरवानी गा.वि.स. वडा नं. ०४ मा बस्ने, ना.प्र.नं. १/८३४३(जारी मितिः २०५५/०२/२४, स्थानः रुपन्देही) भएको **सुनिल कुमार भुसाल ।**

**ब्यक्तिगत जमानतकर्ताको विवरण**

कुल प्रसाद आचार्यकी छोरी, हुमनाथ भुसालकी बुहारी, सुनिल कुमार भुसालकी श्रीमती रुपन्देही जिल्ला केरवानी गा.वि.स. वडा नं. ०४ स्थायी घर भई हाल सुनसरी जिल्ला इटहरी न.पा. वडा नं. २० मा बस्ने, ना.प्र.नं. १/२२१३(जारी मितिः २०६३/०५/२१, स्थानः रुपन्देही) भएकी **रिता भुसाल ।**

**धितोको विवरण**

रुपन्देही जिल्ला केरवानी गा.वि.स. वडा नं. ०४ स्थायी घर भई हाल सुनसरी जिल्ला इटहरी न.पा. वडा नं. २० मा बस्ने, **रिता भुसाल**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेका सुनसरी जिल्ला हाँसपोसा गा.वि.स./न.पा. वडा नं. ०२ नक्सा सिट नं.२ग मा अवस्थित कि.नं.४२९ र ४६१२ क्षेत्रफल क्रमशः ०-१-०-० र ०-१-७-० विघा. घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

# २६ सय विन्दु तल नेप्से

**अभियान संवाददाता**

काठमाडौं

आइतवार नेप्से परिसूचक १ दशमलव २५ प्रतिशत अर्थात् ३२ दशमलव ९३ अंक घटेर २ हजार ५९५ दशमलव ९७ विन्दुमा बन्द भएको छ ।

पाँच महीनापछि नेप्से परिसूचक २ हजार ६०० विन्दु तल झरेको हो । यसअघि गत माघ ३ गते नेप्से परिसूचक २ हजार ५८८ दशमलव ६२ विन्दुमा रहेको थियो । त्यसयता नेप्से परिसूचक २ हजार ६०० विन्दु माथि नै रहेको देखिन्छ । आइतवार २ हजार ६३१ दशमलव ८२ विन्दुमा पुगेको नेप्से परिसूचक २ हजार ५९४ दशमलव शून्य १ विन्दुसम्म झरेको थियो ।

२३ कम्पनीको मात्र धितोपत्र मूल्य बढेको आइतवार २२५ कम्पनीको धितोपत्र मूल्य घटेको छ । जोशी हाइड्रोपावर डेभलपमेन्ट कम्पनीको शेयर मूल्य यस दिन ९ दशमलव ९८ प्रतिशत बढेको छ भने पियोर इनर्जीको १० प्रतिशत घटेको छ । जोशी हाइड्रोपावरको प्रतिकित्ता ३१ रुपैयाँ ६२ पैसाले शेयर मूल्य बढेर अन्तिम मूल्य ३४८ रुपैयाँ ६० पैसा कायम भएको हो । त्यस्तै, पियोर इनर्जीको शेयर मूल्य भने प्रतिकित्ता १०८ रुपैयाँ ६२ पैसाले घटेर अन्तिम मूल्य ९७७ रुपैयाँ ९० पैसा कायम भएको छ ।

यो दिन नेप्से परिसूचकसँगै कारोबार रकम समेत घटेको छ । गत बिहीवार ११ अर्ब २३ करोड रुपैयाँभन्दा बढीको २ करोड ९४ लाखभन्दा बढी कित्ता धितोपत्र कारोबार भएकोमा आइतवार ९ अर्ब १४ करोड रुपैयाँभन्दा बढीको २ करोड १५ लाखभन्दा बढी कित्ता मात्र धितोपत्र कारोबार भएको हो । कारोबार रकमसँगै कारोबार कित्ता समेत घटेको छ ।

आइतवार दोर्दी खोला जलविद्युत्को सर्वाधिक रकमको शेयर कारोबार भएको छ । दोर्दी खोलाको संस्थापक, आयोजना प्रभावित स्थानीय र कर्मचारीतर्फको शेयरको लक-इन अवधि असार ७ गते सकिएको छ । लक-इन अवधि सकिएसँगै आइतवार कम्पनीको ७५ करोड ७३ लाख रुपैयाँभन्दा बढीको शेयर कारोबार भएको हो । कम्पनीको शेयर विक्री चाप बढेको असर शेयर मूल्यमा परेको छ ।

आइतवार सबै समूहको परिसूचक घटेको छ । परिसूचक सर्वाधिक घटेको देख्दा होटल तथा पर्यटन समूहका लगानीकर्ताले सर्वाधिक गुमाएको देखिन्छ । होटल तथा पर्यटन समूहको परिसूचक सर्वाधिक ३ दशमलव १३ प्रतिशत घटेको हो ।

**बजार पूँजीकरण घट्यो**

आइतवार बजार पूँजीकरण रू. ५४ अर्ब ६३ करोडले घट्दै रू. ४३ खर्ब २५ अर्ब २७ करोड कायम भएको छ । अघिल्लो कारोबार दिन बजार पूँजीकरण रू. ४३ खर्ब ७९ अर्ब ९० करोड थियो ।

**कुल कारोबारमा सर्वाधिक हिस्सा जलविद्युत् समूहको**

कारोबार रकमका आधारमा आइतवार जलविद्युत् समूहले सर्वाधिक हिस्सा ओगटेको छ । कुल कारोबारमध्ये ६७ दशमलव ४२ प्रतिशत हिस्सा ओगटेको उक्त समूहको रू. ६ अर्ब १६ करोड ६२ लाख बराबरको धितोपत्र किनबेच भएको छ । यस्तै, सर्वाधिक कारोबार गर्ने समूहमध्ये दोस्रो स्थानमा बैंकिङ्ग समूह रहेको छ । उक्त समूहको रू. ४३ करोड २८ लाख बराबरको धितोपत्र किनबेच भएको छ ।

**ब्रोकर नं. ३९ बाट सर्वाधिक कारोबार**

आइतवारको बजारमा ब्रोकर नं. ३९ सर्वाधिक कारोबार गर्नेमध्ये शीर्ष स्थानमा रहेको छ । उक्त ब्रोकरबाट रू. १ अर्ब ६ करोड ७२ लाख बराबरको धितोपत्र किनबेच भएको हो । कारोबार अवधिमा उक्त ब्रोकरबाट रू. ७२ करोड ४३ लाख बराबरको धितोपत्र विक्री भएको छ भने रू. ३४ करोड २८ लाख बराबरको धितोपत्र खरीद भएको देखिन्छ । यस्तै, दोस्रोमा ब्रोकर नं. ५८ रहेको छ । जसबाट आइतवारको बजारमा रू. ८५ करोड ९७ लाख बराबरको धितोपत्र किनबेच भएको छ ।

**मूल्य घटबढका आधारमा शीर्ष ५ धितोपत्र**

**बढेका धितोपत्र**

| धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) |
|---|---|---|
| जोशी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लि. | ३४८.६० | ९.९८ |
| सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेड | ९४८.७१ | ५.६० |
| १०% एनआईसी एशिया डिबेन्चर २०८५/८६ | १,१६०.०० | ५.४५ |
| गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड | २,३८२.४२ | ३.४० |
| सिभिल बैंक डिबेन्चर २०८८ | १,१६०.०० | २.९३ |

**घटेका धितोपत्र**

| धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) |
|---|---|---|
| पियोर इनर्जी लिमिटेड | ९७७.९० | -१०.०० |
| युनियन हाइड्रोपावर लिमिटेड | ४१०.३४ | -६.२४ |
| रसुवागढी हाइड्रोपावर कम्पनी लि. | ३८०.४३ | -५.४८ |
| हिमालय उर्जा विकास कम्पनी लि. | २५७.३२ | -५.३३ |
| मध्य भोटेकोशी जलविद्युत् कम्पनी लि. | ३३१.५३ | -५.२० |

**समूहगत परिसूचकमा आएको परिवर्तन**

| क्र.सं. | समूह | समूहगत परिसूचक | परिवर्तन (%मा) |
|---|---|---|---|
| १ | म्युचुअल फण्ड | १९.११ | -०.३७ |
| २ | निर्जीवन बीमा | ११,९८३.७४ | -०.४८ |
| ३ | अन्य | २,२७०.५८ | -०.६१ |
| ४ | व्यापार | ४,०९९.१० | -०.७१ |
| ५ | बैंकिङ्ग | १,३२७.६० | -०.८५ |
| ६ | विकास बैंक | ५,२७०.०४ | -०.८८ |
| ७ | लगानी | १०८.७४ | -०.९८ |
| ८ | उत्पादन तथा प्रशोधन | ७,०४६.५५ | -१.०५ |
| ९ | जीवन बीमा | १२,५६१.४९ | -१.०६ |
| १० | वित्त | २,३३८.९६ | -१.०९ |
| ११ | लघुवित्त | ४,६१७.५८ | -१.१५ |
| १२ | जलविद्युत् | ३,५२५.५० | -२.७८ |
| १३ | होटल तथा पर्यटन | ६,७२६.७३ | -३.१३ |

**सर्वाधिक कारोबार भएका पाँच धितोपत्र**

| धितोपत्रको नाम | कारोबार रकम (रू. करोडमा) |
|---|---|
| दोर्दी खोला जलविद्युत् कम्पनी लिमिटेड | ७५.७३ |
| बुटवल पावर कम्पनी लिमिटेड | ७४.५८ |
| राधी विद्युत् कम्पनी लिमिटेड | ४९.७२ |
| सानिमा माई हाइड्रोपावर लिमिटेड | ४६.५६ |
| डादी ग्रुप पावर लिमिटेड | ४१.२४ |

**शीर्ष ५ ब्रोकर (रकम रू. करोडमा)**

| ब्रोकर नं. | खरीद रकम | बिक्री रकम | जम्मा रकम |
|---|---|---|---|
| ३९ | ३४.२८ | ७२.४३ | १०६.७२ |
| ५८ | ४३.७९ | ४२.१८ | ८५.९७ |
| ३४ | ४३.२० | ३३.७१ | ७६.९२ |
| ४२ | ३१.०२ | २७.७७ | ५८.७९ |
| ४५ | २९.१८ | २८.६८ | ५७.८७ |


**सांग्रिला डेभलपमेन्ट बैंक लि.**
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय : बालुवाटार, काठमाण्डौ
फोनः ०१-४५२१८६१/६२/६३

## कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

**सूचना प्रकाशित मिति : २०८२/०३/०९ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक**

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलका ऋणीहरुले यस डेभलपमेन्ट बैंकको निम्न शाखा कार्यालयबाट विविध कर्जा शीर्षक अर्न्तगत लिनु भएको कर्जाको साँवा, व्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हाल सम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त वन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत वक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैतिस**) **दिन** भित्र यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दै-दस्तूर रकमसमेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीकर्तालाई यसै सूचना मार्फत सूचित गरिन्छ । अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन २०६४, यस बैंकको ऋण असुली नीति २०८० एवं प्रचलित कानून बमोजिम धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र सो धितोबाट यस डेभलपमेन्ट बैंकको सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरिने र ऋणी तथा जमानीकर्तालाई कालोसूचीमा समेत सूचिकृत गरी आवश्यक कानुनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

**तपसिल**

**ऋणी/प्रोप्राइटर/जमानीकर्ताको विवरण**

**१) ऋणीः सानु ट्रेर्ड एण्ड सप्लायर्स**
जारी गर्ने कार्यालय : गुलरिया न.पा.को कार्यालय उद्योग विकास शाखा, बर्दिया
प्रा.फ.र.नं./बर्दियाः ४०७/२५४१/०७०/०७१
दर्ता मितिः २०७१/०१/०८
पान नं. ३०५७२१११०
ठेगाना : गुलरिया–०१, बर्दिया

**ऋणी/प्रोप्राइटर/जमानीकर्ताको नामः मनोज कुमार यादव**
बाबुको नाम : रामसुमिरन यादव
बाजेको नाम : रंगीलाल यादव
ठेगाना : गुलरिया-०१, वर्दिया
ना.प्र.नं. ६४८४/३८३५७८, जारी मिति : २०५५/०९/०८
जारी गर्ने कार्यालय : जि.प्र.का., बर्दिया
**कर्जा लिएको शाखा : गुलरिया, बर्दिया**

**जमानीकर्ताको विवरण**

**क) नामः मनिश यादव (ऋणी)**
बाबुको नाम : राम सुमिरन यादव
बाजेको नामः रंगीलाल यादव
ठेगानाः गुलरिया-०३, बर्दिया, हालः गुलरिया-०१, बर्दिय
ना.प्र.नं.: ६५१००१–३९५६
जारी गर्ने कार्यालय : जि.प्र.का., बर्दिया
जारी मिति : २०६९/०३/१४

**जमानीकर्ताको विवरण**

**ख) नाम : रामसुमिरन यादव**
बाबुको नाम : रंगीलाल यादव
बाजेको नामः सादेव दिन यादव
ठेगाना : खैरापुर-०३, वर्दिया
हाल : गुलरिया-०१ वर्दिया
ना.प्र.नं.: ९२२ ४६३६०६१३
जारी गर्ने कार्यालय : जि.का., बर्दिया
जारी मिति : २०३३/१२/१४

**ग) नामः रुक्मीनी देवी यादवनी**
पतिको नाम : रामसुमिरन यादव
ससुराको नामः रंगीलाल यादव
ठेगानाः खैरापुर-०३, बर्दिया, हालः गुलरिया-०१, बर्दिया
ना.प्र.नं.: १२१७/४६३६०६१४
जारी गर्ने कार्यालय : जि.का., बर्दिया
जारी मिति : २०३३/१२/२४

**घ) नाम : सावित्री यादव**
बाबुको नाम : कौशल किशोर यादव
पतिको नाम : मनोज कुमार यादव
ससुराको नामः राम सुमिरन यादव
ठेगानाः गुलरिया-०३, बर्दिया, हालः गुलरिया-०१, बर्दिया
ना.प्र.नं.: २७४६२, जारी मिति : २०५९/०३/३२
जारी गर्ने कार्यालय : जि.प्र.का., बर्दिया

**सुरक्षणमा रहेको धितोको विवरण** : श्री मालपोत कार्यालय बर्दियामा राम सुमिरन यादवको नाममा जग्गाधनी दर्ता प्रमाण पुर्जा कायम रहेको बर्दिया जिल्ला, खैरापुर वडा नं.-३ स्थित कि.नं १९१ को क्षेत्रफल २३,६८३.८९ ब.मि भएको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**ऋणीको विवरण**

**२) ऋणीः मोहम्मद जमा मु.**
बाबुको नाम : सव्विर मुसलमान
बाजेको नाम : सानुल्लाह
ठेगाना : धनकौलि-०६, कपिलवस्तु
हालको ठेगाना : बुद्धभुमि-०५, कपिलवस्तु
ना.प्र.नं. : १७१६, जारी मितिः २०४६/०३/१९
जारी गर्ने कार्यालय : जि.प्र.का., कपिलबस्तु
**कर्जा लिएको शाखा : गोरुसिङ्गे, कपिलवस्तु**

**जमानीकर्ताको विवरण**

**क) नामः तौफिक अहमद मु.**
बाबुको नामः मोहम्मद जमा मु.
बाजेको नामः सव्विर मुसलमान
ठेगानाः भृकुटी-१०, कपिलवस्तु
हालः बुद्धभुमी-०५, कपिलवस्तु
ना.प्र.नं.: ३८-०१-७३-०४६६९, जारी मितिः २०७३/०६/०५
जारी गर्ने कार्यलय : जि.प्र.का., कपिलवस्तु

**ख) नामः अकलीमुन निसा मु.**
बाबुको नाम : कल्लु मुसलमान
पतिको नाम : मोहम्मद जमा म.
ससुराको नामः सव्विर मुसलमान
ठेगाना : राजपुर-०२, कपिलबस्तु
हालः बुद्धभुमि-०५, कपिलवस्तु
ना.प्र.नं.: ३८१०४९/३१०८, जारी मितिः २०६३/०५/१०
जारी गर्ने कार्यलय : जि.प्र.का., कपिलवस्तु

**जमानीकर्ताको विवरण**

**ग) नाम : समसाद अहमद मुसलमान**
बाबुको नाम : मोहम्मद जमा मु.
बाजेको नाम : सव्विर मुसलमान
ठेगाना : राजपुर-०२, कपिलवस्तु
हालः बुद्धभुमि-०५, कपिलवस्तु
ना.प्र.नं.: ३८-०१-०६७-०८०६१
जारी मिति : २०६७/०८/२७
जारी गर्ने कार्यालय : जि.प्र.का., कपिलवस्तु

**घ) नामः सबनम फातुमा**
बाबुको नाम : शव्विर मुसलमान
पतिको नाम : समसाद अहमद मुसलमान
ससुराको नाम : मोहम्मद जमा मु.
ठेगाना : बुद्धभुमि -०५, कपिलवस्तु
ना.प्र.नं.: ३८-०१-७६-०४६०१
जारी गर्ने कार्यालयः जि.प्र.का., कपिलवस्तु

**सुरक्षणमा रहेको धितोको विवरण** : श्री मालपोत कार्यालय कपिलवस्तुमा मोहम्मद जमा मु. को नाममा दर्ता कायम रहेको कपिलवस्तु जिल्ला, महुवा न.पा./गा.वि.स. वडा नं. ९ स्थित कि.नं. ८२७, २३७९ र २३७८ को क्षेत्रफल क्रमशः २४३८.२०, ४३१.७७ र २३२.८१ वर्ग मिटर को घर/जग्गा र तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।



## धितोमा रहेको चल अचल सम्पत्ति लिलाम डाँक बढाबढद्वारा लिलाम बिक्री गरिने बारेको प्रथम पटकको सार्वजनिक सूचना

**(सूचना प्रकाशित मितिः- २०८२।०३।०९)**

तपसील बमोजिमका कर्जा ग्राहकहरुले यस बैंकबाट देहाय बमोजिम कर्जा/सुविधाहरुको बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना तथा अन्य लेना रकम बुझाउन पटक पटक मौखिक तथा लिखित रुपमा तर ताकेता तथा कर्जा बुझाउने बारे २१(एक्काईस) दिने सूचना प्रकाशन गर्दा समेत कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिन भित्र बैंकको सम्पूर्ण लेना रकम चुक्ता गर्नुहुन कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरीनामा दिने, जमानत दिनुहुने ब्यक्ति/संस्थालाई यो सार्वजनिक सूचना जारी गरीएको छ । उल्लेखित ३५(पैंतीस) दिन भित्र कर्जा चुक्ता नगरेमा कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरी दिने, जमानत दिनुहुने ब्यक्ति/संस्था र सम्बन्धित पक्षलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा राखिने र बैंकलाई लेखिदिएको चल अचल सम्पत्ति/परियोजना बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र यस बैंकको प्रचलित कर्जा असुली कार्यबिधि अनुसार देहाय बमोजिमको मितिमा धितो लिलाम डाँक बढाबढ गरिने हुँदा ईच्छुक ब्यक्ति/संस्था तथा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै, उपरोक्त अनुसार डाँक बढाबढद्वारा धितो लिलाम बिक्री हुन नसकेमा धितो सुरक्षणमा रहेको चल अचल सम्पत्ति बैंक आफैले सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसील**

**सम्बन्धित कार्यालय : कृषि बिकास बैंक लि. शाखा कार्यालय सखुवाप्रसौनी ।**

**धितो लिलाम बिक्री हुने मिति : २०८२ साल श्रावण १२ गते सोमबार ।**

**लिलाम हुने कार्यालय/स्थानः शाखा कार्यालय विरगंज, पर्सा ।**

**ग्राहकहरुको विवरण**

१) फर्मको नामः सनी पशुपालन कृषि फर्म प्रो. नाम रामशिला देवी यादव दर्ता भएको कार्यालयः घरेलु तथा साना उधोग कार्यालय, पर्सा, विरगंज फर्म/कम्पनिको दर्ता नं. १३६२८/०७८/०७९/दर्ता मितिः २०७८-०५-२७ पान न ६१५२४५८३२

**प्रोप्राईटरको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको कार्यालय र मिति | बाबु/पति | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| रामशिला देवी यादव | विजवनिया ७ | १५५७१०४७ | जिल्ला प्रशासन कार्यालय पर्सा, २०४५-०२-०१ | जगन प्रसाद यादव | सत्यनारायण राउत अहिर |

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| जगन प्रसाद यादव | पर्सा | विजवनिया | ७ | ५४८, ५४६, ५५१, ५६२ | ०-१-१७-८, ०-५-७-८, ०-२-०, ०-०-१० |

२) फर्मको नाम : श्यामसुन्दर कृषि फर्म प्रोप्राईटरको नाम रामेश्वर राउत अहिर दर्ता भएको कार्यालयः घरेलु तथा साना उधोग कार्यालय, पर्सा, विरगंज फर्म/कम्पनिको दर्ता नं. १३५४७/०७८/०७९/दर्ता मितिः २०७८-०५-१५ पान न ६१६५४५८४७

**प्रोप्राईटरको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको कार्यालय र मिति | बाबु/पति | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| रामेश्वर राउत अहिर | सखुवाप्रसौनी ९, पर्सा | ८११६२५३० | जिल्ला प्रशासन कार्यालय पर्सा, २०५५-०९-०८ | सुकदेव राउत अहिर | कवल राउत |

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (व मि) |
|---|---|---|---|---|---|
| रामेश्वर राउत अहिर | पर्सा | सखुवाप्रसौनी | ९ | १६, ३७ | १३८०, ११८४० |

**ब्यक्तिगत तथा धितो जमानीकर्ताको विवरणः**

| नाम | ठेगाना | ना. प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| रामेश्वर राउत अहिर | सखुवाप्रसौनी ९ | ८११६२५३० | जिल्ला प्रशासन कार्यालय पर्सा,२०५५-०९-०८ | सुकदेव राउत अहिर | कवल राउत |

३) ग्राहकको नाम श्री शंकर राउत थारु ना. प्र.न. ४१५६०९९८ जारी मितिः २०३४/११/११ जारी भएको कार्यालय जिल्ला प्रशासन कार्यालय, पर्सा बाबुको नाम रामदयाल राउत थारु बाजे/ससुराको नामः हिरा राउत थारु

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| शंकर राउत थारु | पर्सा | जीतपुर | ६ | १६३ | ०-५-० |
| | | | ८ | १२१ | ०-०-१२ |
| | | | ९ | २१० | ०-२-८ |
| | | | ८ | ४९ | ०-१४-१५ |
| | | | ९ | ११३ | १-१४-० |

४) ग्राहकको नाम नथुनी मिया अंसारी ना. प्र.न. १३७४/३०९ जारी मितिः२०४१-१०-२४ जारी भएको कार्यालय जिल्ला प्रशासन कार्यालय, बारा बाबुको नाम किफायत मिया अंसारी बाजे/ससुराको नामः रामजान मिया

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| नथुनी मिया अंसारी | पर्सा | कौवावनकटैया | ६ | १४०, १४१ | ०-६-१५, ०-८-५ |

५) ग्राहकको नाम बालेश्वर प्रसाद महतो थारु ना. प्र.न. ५९३/६६६११२९३ जारी मितिः२०४४-११-२७ जारी भएको कार्यालय जिल्ला प्रशासन कार्यालय, पर्सा बाबुको नाम चनदेव महतो थारु बाजे/ससुराको नामः टैट महतो थारु पति/पत्नीको नाम राज कुमारी देवी थरुनी

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| बालेश्वर प्रसाद महतो थारु | पर्सा | शंकरसरैया | ७ | ५ | ५०९० |

**ब्यक्तिगत तथा धितो जमानीकर्ताको विवरणः**

| नाम | ठेगाना | ना. प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| राज कुमारी देवी थरुनी | निचुटा ५ | ७८९/६६६११५४३ | जिल्ला प्रशासन कार्यालय पर्सा, २०४४-११-२७ | बालेश्वर प्रसाद महतो थारु | चनदेव महतो थारु |

६) ग्राहकको नाम गंगिया कुर्मिन ना. प्र.न. ०३१८०७३७ जारी मितिः२०३४-०२-२० जारी भएको कार्यालय जिल्ला प्रशासन कार्यालय, पर्सा ,बाजे/ससुराको नामः विपत राउत पति/पत्नीको नाम राम आश्रय राउत

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| गंगिया कुर्मिन | पर्सा | निचुटा | ८ | ८४ | ०-१७-० |

**ब्यक्तिगत तथा धितो जमानीकर्ताको विवरणः**

| नाम | ठेगाना | ना. प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| नरेश प्रसाद पटेल | औराह ५ | ३४३००३/४७८ | जिल्ला प्रशासन कार्यालय पर्सा,२०६३-१०-२४ | राम आश्रय राउत | विपत राउत |

७) ग्राहकको नाम जय गोविन्द राउत ना. प्र.न. ०४४९०५९८ जारी मितिः२०३५-०१-२६ जारी भएको कार्यालय जिल्ला प्रशासन कार्यालय, पर्सा बाबुको नाम वालदेव राउत बाजे/ससुराको नामः महावीर

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| जय गोविन्द राउत | पर्सा | वागेश्वरी तित्रौना | ३ | २७२,२७३,२७४,२७५, २६८ | ००७४५, ०१०१०, ००७०५, ००३७५, ००३१५ |

८) ग्राहकको नाम पीर महमद मिया अंसारी ना. प्र.न. ९०६००३२१ जारी मितिः२०३५-१०-०१ जारी भएको कार्यालय जिल्ला प्रशासन कार्यालय, पर्सा बाबुको नाम बागड मिया बाजे/ससुराको नामः वरैली मिया अंसारी

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| पीर महमद मिया अंसारी | पर्सा | सुगौली दा.प. | ४ | २७० | ०-४-० |
| | | | २ | ३३ | ०-८-० |

९) ग्राहकको नाम हदिस मिया अंसारी ना. प्र.न. ९०६००१४५ जारी मितिः२०४२-०२-१४ जारी भएको कार्यालय जिल्ला प्रशासन कार्यालय, पर्सा बाबुको नाम नथुनी मिया अंसारी बाजे/ससुराको नामः मसदी मिया

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| हदिस मिया अंसारी | पर्सा | सुगौली दा.प. | २ | ६०७ | ०-८-५ |

**ब्यक्तिगत तथा धितो जमानीकर्ताको विवरणः**

| नाम | ठेगाना | ना. प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| साहेव अंसारी | सखुवाप्रसौनी ४ | २४७६१९८८ | जिल्ला प्रशासन कार्यालय पर्सा,२०५९-०६-१३ | हदिस मिया अंसारी | नथुनी मिया अंसारी |

१०) ग्राहकको नाम कौशल्या देवी चमैन ना. प्र.न. ८११६२०७० जारी मितिः२०४६-१२-०२ जारी भएको कार्यालय जिल्ला प्रशासन कार्यालय, पर्सा बाबुको नाम .... बाजे/ससुराको नामः सिताराम महरा पति/पत्नीको नाम रामायण महरा

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (व मि) |
|---|---|---|---|---|---|
| कौशल्या देवी चमैन | पर्सा | सखुवाप्रसौनी | २ | ५०, १२८ | ०२१५०, ०३०४७.६७ |

११) ग्राहकको नाम सुबा लाल साह रौनियार ना. प्र.न. १५५७०९१५ जारी मितिः२०४५-०१-२३ जारी भएको कार्यालय जिल्ला प्रशासन कार्यालय, पर्सा बाबुको नाम शिव साह बाजे/ससुराको नामः सोबर्धन साह

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाह) |
|---|---|---|---|---|---|
| सुबा लाल साह रौनियार | पर्सा | जगरनाथपुर | १ | २३२, २६२ | ०-६-१५, ०-५-० |

१२) ग्राहकको नाम सिताराम राउत ना. प्र.न. ३१७६ जारी मितिः२०३७-०३-१० जारी भएको कार्यालय जिल्ला प्रशासन कार्यालय, पर्सा बाबुको नाम बोधु राउत बाजे/ससुराको नामः भिखम

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (व मि) |
|---|---|---|---|---|---|
| सिताराम राउत | पर्सा | सखुवाप्रसौनी | १ | ३६, ८४ | ४१००, १५१३.७ |

**ब्यक्तिगत तथा धितो जमानीकर्ताको विवरणः**

| नाम | ठेगाना | ना. प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| जादोलाल राउत अहिर | सखुवाप्रसौनी १ | ३४३०६९/१८७ | जिल्ला प्रशासन कार्यालय पर्सा,२०६३-१२-३४ | सिताराम राउत अहिर | बोधु राउत |

**शर्तहरु :**

१) धितो लिलाम डाँक बढाबढ हुने तोकिएको दिन लिलामी कार्य सम्पन्न हुन नसकेमा वा सार्वजनिक बिदा परेमा सोको लगतै बैंक खुलेको दिन उक्त लिलामी कार्य हुनेछ ।
२) धितो लिलाम डाँक बढाबढमा कम्तिमा ३ (तीन) जना ब्यक्ति/संस्थाहरुले भाग लिएको हुनु पर्नेछ ।
३) धितो लिलाम डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने ब्यक्ति/संस्थाले बोलेको अंकको कम्तिमा १०(दश) प्रतिशत हुने रकम धरौटी वापत त्यसै दिन सम्बन्धित शाखामा जम्मा भएको हुनु पर्नेछ ।
४) लिलाम सकार गर्ने ब्यक्ति/संस्थाले लिलाम सदर भएको ७(सात) दिन भित्र बाँकी रकम बुझाउनु पर्नेछ । बुझाउनु पर्ने बाँकी रकम तोकीएको मितिमा बुझाउन नसकेमा जम्मा भएको रकम स्वतः जफत हुनेछ ।
५) लिलाम सदर/बदरको निर्णय नभए सम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा व्याज दाबी गर्न पाईने छैन ।
६) डाँक बढाबढको शुरुवात अंक उक्त चल अचल सम्पत्तिको मूल्यांकनबाट शुरुवात गरिनेछ ।
७) धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ग्राहकले बैंकलाई भुक्तानी गर्नु पर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुने छैन ।
८) लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदाताले नै ब्यहोर्नु पर्नेछ ।
९) डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने ब्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।
१०) अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**कृषि विकास बैंक लि.**
**कर्जा असुली तथा संकलन विभाग**
**मुख्य कार्यालय रामशाहपथ, काठमाण्डौं ।**



तस्वीर : एपी/रासस

संयुक्त राज्य अमेरिकाको टेक्सास ह्युस्टनमा रहेका तेल भण्डारण कन्टेनरहरूको हवाई दृश्य । इजरायल र इरानबीचको युद्धले संयुक्त राज्य अमेरिका समेत समावेश हुन सक्ने निकट सम्भावना र चिन्ताका बीच व्यापक तेलको मूल्य बढेको छ। इजरायलले इरानका ग्यास र तेलका ठूला डिपोहरूलाई लक्षित गरी आक्रमण गरिरहेको इरानको तेल मन्त्रालयले बताएको छ ।

## विपद्को पूर्वतयारी गरौं

- सम्भावित जोखिमको मूल्यांकन गरौं,
- भूकम्प, बाढी, आगोलागी जस्ता सम्भावित विपद्को बारेमा सचेत बनौं,
- सम्भावित जोखिमबाट बच्न आपतकालीन योजना बनाऔं,
- घर परिवार र छिमेकीहरुसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं,
- सम्पर्क बिन्दुहरु तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं,
- खाना, पानी, प्राथमिक उपचार बक्स, टर्चलाइट, आवश्यक औषधि आदि तयार राखौं,
- विपद् व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं ।

**"विपद्को सामना गर्न तयार होऔं, क्षति हुन नदिऔं"**

नेपाल सरकार
विज्ञापन बोर्ड

# मानव तस्करी रोक्न सूचना प्रणाली चुस्त बनाइँदै




विजय दमासे
काठमाडौं

अध्यागमन व्यवस्थापन सुधार्न सरकारले सूचना व्यवस्थापन प्रणालीलाई एकीकृत गर्ने भएको छ। अध्यागमन विभाग, वैदेशिक रोजगार विभाग र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको सूचना व्यवस्थापन प्रणालीलाई सरकारले एकीकृत गर्ने भएको हो। यसका लागि मुख्यसचिव एकनारायण अर्यालको अध्यक्षतामा केही दिनअघि बसेको सचिवस्तरीय बैठकबाटै निर्णय गरिएको छ।

असार २ को सचिवहरूको बैठकले अध्यागमन व्यवस्थापनलाई चुस्त दुरुस्त बनाउन तीन विभागको सूचना व्यवस्थापन प्रणाली एकीकृत गर्ने वा तथ्यांक आदानप्रदानको व्यवस्था मिलाउने निर्णय गरेको छ । 'अध्यागमन व्यवस्थापन थप चुस्तदुरुस्त बनाउन अध्यागमन विभागको नेपाली पोर्टल, वैदेशिक रोजगार विभागको एफईएमआईएस र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको सूचना व्यवस्थापन प्रणालीबीच इन्टिग्रेशन वा डेटा शेयरिङको व्यवस्था तत्काल मिलाउन गृह मन्त्रालयले समन्वय गरी त्यसको प्रगति प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा प्रतिवेदन गर्ने,' असार २ गते बसेको बैठकको निर्णयमा भनिएको छ।

त्रिभुवन विमानस्थलको अध्यागमनमा भिजिट भिसाको नाममा भएको अवैध असुलीमा गृहमन्त्री रमेश लेखककै राजीनामा माग गरिएपछि अध्यागमन व्यवस्थापन सुधार्न सूचनाप्रणालीलाई एकीकृत गर्न खोजिएको सरकारी अधिकारीहरूले बताएका छन्।

गृह मन्त्रालयका एक उच्च अधिकारीले भने, 'सूचना प्रणाली एकीकृत नहुँदा अवाञ्छनीय गतिविधि निगरानीमा समस्या भयो, त्यसलै तथ्यांक प्रणालीलाई एकीकृत गर्दै सबै गतिविधिमा निगरानी गर्न खोजिएको हो।' गृहस्रोतका अनुसार अहिले भिजिट भिसाका

**तीन विभागको सूचना व्यवस्थापन प्रणाली एकीकृत गर्ने वा तथ्यांक आदानप्रदानको व्यवस्था मिलाउने निर्णय**

नाममा ठूलो संख्यामा मानव तस्करी भइरहेको प्रकरणले राष्ट्रिय सुरक्षामाथि नै प्रश्न उठेको छ। राष्ट्रिय सुरक्षालाई बलियो बनाउने उद्देश्यले समेत चुस्त निगरानी गर्न लागिएको बताइएको छ । 'अध्यागमनमा अवैध आवागमन, मानव तस्करी, कागजपत्रको दुरुपयोग, जाली भिसा वा राहदानीलगायत समस्या देखिएका छन्,' गृह स्रोतले भन्यो, 'ती गतिविधि रोक्न तदारुकता देखाइएको हो।'

तीनओटै विभागबीच समन्वय नहुँदा जाँच प्रणाली कमजोर भइरहेको र यसले राष्ट्रको सुरक्षामा जोखिम निम्त्याइरहेको गृह मन्त्रालयको निष्कर्ष छ। डेटा शेयरिङबाट व्यक्ति, नागरिकता, भिसा, परिचयलगायत विवरण तुरुन्त जाँच गर्न मिल्ने भएकाले सुरक्षा बलियो हुने अपेक्षा गरिएको छ।

त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल मानव तस्करीको 'ट्रान्जिट प्वाइन्ट' बन्न थालेको भन्दै सरकारको आलोचना हुँदै आएको छ । यसम्बन्धी सूचना पाएपछि जेठ पहिलो हप्ता अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विमानस्थल अध्यागमन कार्यालयमा छापा मारेर गृह मन्त्रालयका सहसचिव तीर्थराज भट्टराईलाई नियन्त्रणमा लिएर अनुसन्धान थालेको थियो। भट्टराईमाथि त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट मानव तस्करीको गिरोहलाई सहयोग पुग्नेगरी भिजिट भिसाको आवरणमा ठूलो संख्यामा विदेश भ्रमणको अनुमति दिएको आरोप छ।

छापा मारिएको स्थानबाट बरामद कागजपत्र, विद्युतीय उपकरणलगायत प्राप्त सामग्रीको अध्ययन अख्तियारले गरिरहेको छ। उच्च स्रोतका अनुसार भिजिट भिसाको आवरणमा खाडी मुलुक पुऱ्याई अलपत्र पारिएका पीडितका तर्फबाट अख्तियारमा किटानीसहितका उजुरी परेपछि अख्तियारले गोप्य रूपमा निगरानी बढाएको थियो। बरामद गरिएका कागजपत्र र विद्युतीय उपकरणको प्रारम्भिक अनुसन्धानमै मानव तस्करीका गिरोहसँग मिलेमतो देखिने प्रमाण फेला परेको अख्तियार स्रोतले दाबी गरेको छ।




न्यू बिजनेश एज लि.द्वारा प्रकाशित | प्रधान सम्पादक : मदन लम्साल | सम्पादकीय निर्देशक : केशव गौतम | कार्यकारी सम्पादक : पृथ्वीमान श्रेष्ठ | पाञ्चायनमार्ग, थापाथली, काठमाडौं | पो.ब.नं. १४१९७, फोन-०१-५३६७७१७ | इमेल : editorial@abhiyan.com.np | मुद्रक : समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर